# नेपालमा प्राज्ञिक गैसस : राज्यको उपेक्षा र संकटोन्मुख अवस्था

देवराज हुमागाईं

## परिचय

सामान्यतः गैरसरकारी संस्था (गैसस) भन्ने बित्तिकै गैरराज्य तहबाट सामाजिक सेवा अथवा जनकल्याणको उद्देश्यले खुलेका गैरनाफामुखी सामाजिक संघ-संस्थाहरूलाई बुझाउँछ । त्यस्तै, मुख्य गरी ज्ञान उत्पादन तथा वितरणको काम गर्ने गैससहरू प्राज्ञिक गैसस हुन् (वन्त २०६२) । यहाँ गैससले गर्ने प्राज्ञिक कर्म वा ज्ञान उत्पादन वा निर्माण भन्नाले अनुसन्धान गर्ने र त्यसमा आधारित लेख, प्रतिवेदन, पुस्तक, सन्दर्भ-सूची, स्रोत-ग्रन्थ, जर्नल, नीति-पत्र, विविध भाषाका शब्दकोश जस्ता सामग्री उत्पादन तथा प्रकाशनलाई बुझाउँछ । छलफल, कार्यशाला, सम्मेलन, व्याख्यान (लेक्चर), छोटा अवधिका प्राज्ञिक अनुसन्धान तथा लेखनका कोर्सहरूको आयोजना गर्ने, अनुसन्धान पुस्तकालय सञ्चालन गर्ने जस्ता काम पनि प्राज्ञिक गैससले गर्छन् । साथै, यी संस्थाहरू मुख्य गरी प्राज्ञिक व्यक्तिहरूद्वारा नै सञ्चालन र व्यवस्थापन गरिएका हुन्छन् (वन्त सन् २०११) । अर्को शब्दमा, औपचारिक शिक्षण बाहेक विश्वविद्यालयले गरिरहेका वा गर्ने ठानिएका प्राज्ञिक गतिविधिहरू यी संस्थाले पनि सञ्चालन गर्छन् । तर यसको मतलब सबै अनुसन्धानमुखी संस्थाले माथि उल्लिखित सबै गतिविधि गर्छन् वा गर्नुपर्छ भन्ने होइन । विशेष गरी उल्लिखितमध्ये केही वा सबै खालका क्रियाकलाप गरी अनुसन्धान वा प्राज्ञिक क्षेत्रको प्रवर्द्धनमा भूमिका खेल्नु तिनको मूल उद्देश्य हुन्छ । यद्यपि, कतिपय संस्थाले अनुसन्धान सँगसँगै सम्बन्धित विषयको पैरवी, क्षमता अभिवृद्धि, अभिलेखीकरण तथा मिडिया सामग्री (जस्तै फोटो, फिचर, रिपोर्ताज, वृत्तचित्र, बुलेटिन) उत्पादन पनि गर्दछन् ।

नेपालमा प्राज्ञिक गैरसरकारी संस्था स्थापनाको विद्यमान कानूनी आधार मुख्य गरी पञ्चायत कालमा तर्जुमा गरी लागु गरिँदै आएको संघ-संस्था दर्ता ऐन, २०३४ (जसले संस्था रजिस्ट्रेसन ऐन २०१६ लाई विस्थापित गरेको थियो) नै हो । ऐन अनुसार, हरेक गैरसरकारी संघ-संस्था सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता भई बर्सेनि नवीकरण समेत गराउनुपर्छ । पछिल्लो समय कतिपय प्राज्ञिक संस्थाहरू कम्पनी ऐन, २०६३ अन्तर्गत कम्पनी रजिस्ट्रारको कार्यालयमा मुनाफा वितरण नगर्ने कम्पनीका रूपमा पनि

*समाज अध्ययन* १८ : २०७–२३१, २०८०

दर्ता भई सञ्चालनमा छन् । गैससको साँघुरो परिभाषामा संस्था दर्ता ऐन अनुसार गठित संस्थालाई मात्र बुझ्ने गरिए पनि कम्पनी ऐन अनुसार गैरनाफामुखी कम्पनीका रूपमा स्थापित संस्थालाई पनि गैससकै रूपमा लिन सकिन्छ । किनभने ती संस्था पनि आखिर गैरनाफामुखी उद्देश्यका साथ गैससकै जस्तो काममा संलग्न छन् । तिनको सांगठनिक संरचना र केही कानूनी दायित्व भने भिन्न हुन्छन् । यो लेखमा प्राज्ञिक गैससभित्र यी दुवै थरी संस्थालाई समेट्न खोजिएको छ ।

नेपालमा गैससको विकास, विस्तार, तिनको काम र प्रभावबारे थुप्रै बहस भए पनि अनुसन्धानमुखी प्राज्ञिक संस्थाहरूबारे सार्वजनिक वृत्तमा खासै चर्चा हुँदैन ।[१] नेपालमा प्राज्ञिक संस्थाको समग्र अवस्थाबारे जानकारी दिने एकाध अध्ययन भए पनि ती एक-डेढ दशकअघि गरिएका हुनाले यिनको वर्तमान अवस्था कस्तो छ र कसरी चलिरहेका छन् भन्नेबारे पछिल्लो समयमा त्यति लेखिएको पाइँदैन । संविधानप्रदत्त विचार र अभिव्यक्ति स्वतन्त्रताको अभ्यास गर्न आलोचनात्मक चेत भएका जमातले अध्ययन, अनुसन्धान तथा सार्वजनिक बहसमा केन्द्रित संस्थाहरू खोलेका र आफ्नै बुताले स्रोत जुटाएर ती संस्था मार्फत विभिन्न विषय/क्षेत्रमा उल्लेखनीय बौद्धिक योगदान गरेको दृष्टान्त यो लेखले प्रस्तुत गर्छ । राज्य र निजी क्षेत्रको उपेक्षा तथा आन्तरिक स्रोतको अभावमा सीमित वैदेशिक सहायतामा निर्भर रहनुपरेका कारण आफ्ना गतिविधिलाई निरन्तरता दिन र अस्तित्व जोगाउन प्राज्ञिक गैससहरूले भोग्नु परेका कठिनाइबारे यहाँ चर्चा गरिएको छ । साथै, निरंकुश पञ्चायती कालकै झैँ नियन्त्रणमुखी कानूनी व्यवस्था र सरकारी मानसिकता वा व्यवहारले लोकतान्त्रिक कालमा पनि निरन्तरता पाइरहेका कारण स्वतन्त्र प्राज्ञिक संस्थाहरू हतोत्साहित रहेको तर्क यो लेखमा गरिएको छ ।

यो लेखमा उल्लिखित जानकारी, तथ्य वा तर्कको आधार काठमाडौँमा स्थापित/सञ्चालित विभिन्न स्वतन्त्र अनुसन्धानमुखी संस्थाका वेबसाइट, तिनका गतिविधि समेटिएका प्रतिवेदन तथा अन्य सामग्रीहरूको अध्ययन हो । साथै, मार्टिन चौतारीमा लामो समयदेखि काम गरिरहँदाका आफ्नै अनुभव र भोगाइ एवं एक दर्जन संस्थाको नेतृत्व तहमा रहेर काम गरिरहेका २० जना व्यक्तिसँग चैत २०७८ र वैशाख २०७९ मा गरिएका कुराकानीलाई पनि आधार बनाइएको छ ।[२] लेखमा नाम लिइएका संस्थाहरू

[१] नेपालमा गैरसरकारी संस्था र तिनको भूमिकाबारे भएका केही प्राज्ञिक विश्लेषणका लागि भट्टचन र अरू (सन् २००१), तामाङ (सन् २००२), भण्डारी (सन् २०१४), भट्ट (सन् २०१६), महर्जन र अरू (२०७८) हेर्नुहोस् ।

[२] यस क्रममा कुराकानी गरिएका व्यक्तिहरूको नाम र आबद्धता यसप्रकार छ : चिरञ्जीवी भट्टराई, नेपाल वाटर कन्जर्भेशन फाउण्डेशन; मधु आचार्य र भूमिराज चापागाईं, शेयरकाष्ट इनिसियटिभ्स; टीका भट्टराई, सेन्टर फर एजुकेशनल पोलिसी एण्ड प्राक्टिस; जीवन बानिया,

प्राज्ञिक गैससका केही प्रतिनिधि उदाहरण मात्र हुन् । तसर्थ, यहाँ उल्लेख गरिए बाहेक पनि काठमाडौँ उपत्यकाभित्र र बाहिरका धेरै संस्था ज्ञान उत्पादनलाई आफ्नो मुख्य उद्देश्य बनाएर काम गरिरहेका छन् ।

परिचय र निष्कर्ष बाहेक मुख्य दुई खण्डमा लेख विभाजित छ । पहिलो खण्ड प्राज्ञिक गैससको सामान्य परिचय र संक्षिप्त पृष्ठभूमि सहित तिनको भूमिकामा केन्द्रित छ भने दोस्रो खण्डमा ती संस्थाहरूको दिगोपनामा देखिएका चुनौतीबारे चर्चा छ ।

## प्राज्ञिक गैससको अभ्युदय र तिनका गतिविधि

### *ऐतिहासिक पृष्ठभूमि*

नेपालमा प्राज्ञिक कार्य गर्ने प्रकृतिका संस्थाहरूको स्थापना वि.सं. २००७ साल (सन् १९५१) को परिवर्तनको आसपासमै हुन थालेको हो । त्यस अघिसम्म सर्वसाधारण नागरिक औपचारिक शिक्षा प्राप्त गर्नबाट नै वञ्चित थिए (पराजुली सन् २०१२) । दरबारसँग नजिक रहेका व्यक्तिको शिक्षामा केही पहुँच भएकाले मन मिल्ने बौद्धिकहरू एकजुट भएर तिनैको नितान्त व्यक्तिगत प्रयासमा सार्वजनिक बहस तथा ज्ञान उत्पादनको उद्देश्यले संस्था खोल्ने काम शुरू भएको पाइन्छ । नेपाल सांस्कृतिक संघ (सन् १९५०), नेपाल सांस्कृतिक परिषद् (सन् १९५१), इतिहास प्रकाश मण्डल (सन् १९५५), रेग्मी रिसर्च सेन्टर (सन् १९५७), संशोधन मण्डल (वि.सं. २०१८) आदि प्राज्ञिक/बौद्धिक काममा समर्पित त्यस समय खुलेका केही ख्यातिप्राप्त संस्था थिए (पन्थी २०७७, वन्त प्रकाशोन्मुख) । त्यसै समयमा नागरिक तहबाट प्राज्ञिक लगायत सार्वजनिक वृत्तलाई फैलाउने धेरै थरी कामले तीव्रता पाए । उदाहरणका लागि, पत्रपत्रिका तथा जर्नलको प्रकाशन एवं स्कूल, कलेज तथा पुस्तकालय खोल्ने कामलाई लिन सकिन्छ (पराजुली सन् २०१९) । यस दशकमा भएको बौद्धिक कार्यको विकासलाई अध्येता कमलप्रकाश मल्लले नेपालमा बौद्धिक जगतको “अभूतपूर्व विस्तार” भनेका छन् (मल्ल २०७७[२०२७] : १४५) ।

---

सोसल साइन्स बहा:; उत्तमबाबु श्रेष्ठ, ग्लोबल इन्स्टिच्यूट फर इन्टरडिसिप्लिनरी स्टडीज, दिलबहादुर खत्री, अनुसुया श्रेष्ठ र ज्ञानु मास्के, साउथ एशिया इन्स्टिच्यूट अफ एड्भान्स्ड स्टडीज; असिम ढकाल, फुटुङ रिसर्च इन्स्टिच्यूट; नय शर्मा पौडेल, फरेस्ट एक्शन नेपाल; कञ्चनमणि दीक्षित, आईसेट-नेपाल; महेन्द्र सुवेदी र महेन्द्र राई, नेपाल इन्स्टिच्यूट अफ डेभलपमेन्ट स्टडीज (निड्स); तुलानारायण साह र कृष्णकुमार साह, नेपाल मधेश फाउण्डेशन; उज्ज्वल प्रजापति, भुवन केसी र तिलक पाठक, सेन्टर फर मिडिया रिसर्च नेपाल; र कृष्ण खनाल, नेपाल सेन्टर फर कन्टेम्पोररी स्टडीज (हाल बन्द भइसकेको) ।

वि.सं. २०१७ मा पञ्चायत व्यवस्थाको सूत्रपातसँगै बोल्ने, लेख्ने, संगठित हुने जस्ता नागरिकका मौलिक हक कुण्ठित भए । यसले अन्य खालका संस्थाहरूलाई जस्तै भर्खरै शुरू हुन थालेको प्राज्ञिक जगतको फैलावटलाई रोक्यो । पञ्चायतको समयमा राज्य मातहत रहेका वा राज्य-संरक्षित प्राज्ञिक संस्थाहरू नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (स्था. वि.सं. २०१४; हाल नेपाल प्रज्ञा प्रतिष्ठान), आर्थिक विकास तथा प्रशासन केन्द्र (सेडा), नेपाल तथा एशियाली अध्ययन केन्द्र (सिनास), शैक्षिक अनुसन्धान, प्रवर्तन तथा विकास केन्द्र (सेरिड), रिसर्च सेन्टर फर अप्लाइड साइन्स एण्ड टेक्नोलोजी (रिकास्ट) तथा कृषि आयोजना सेवा केन्द्र (एप्रोक्स)[३] जस्ता संस्थाहरूको स्थापना र विकाससँगै तीबाट केही उल्लेखनीय कामहरू पनि भए । यद्यपि, ३० वर्षे पञ्चायती व्यवस्थामा अनेक नियन्त्रणमुखी कानूनी संरचना र नीतिगत व्यवस्था तथा व्यवहारद्वारा स्वतन्त्र प्राज्ञिक तथा अन्य स्वतन्त्र नागरिक/सामाजिक संस्थाहरूलाई चाहिँ राज्यले कि त हस्तक्षेप र नियन्त्रणको नीति लियो कि उदाउनै दिएन (राडमेकर र तामाङ सन् १९९३; पाण्डे सन् १९९८; मार्टिन चौतारी २०७४) । मुलुकमा एकदलीय निरंकुश व्यवस्था लादेर फरक राजनीतिक विचारप्रति असहिष्णु बनेको पञ्चायती राज्य राजनीतिक विचारका हिसाबले बहुदलीय लोकतान्त्रिक मूल्य मान्यतालाई मात्र होइन बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक पहिचानलाई पनि निस्तेज पार्न चाहन्थ्यो । त्यसैले, एकल भाषा, धर्म र संस्कृतिलाई मात्र प्रवर्द्धन गर्थ्यो (वन्त सन् १९९६) । फरक विचारलाई प्रतिबन्ध लगाउनुका साथै स्वतन्त्र संगठन तथा संस्थाहरूप्रति नेपाली राज्य सधैँ सशंकित रहन्थ्यो । त्यसैले, गैरसरकारी स्तरबाट प्राज्ञिक संस्थाहरू खुल्ने र तिनले आलोचनात्मक चेत सहित स्वतन्त्रता पूर्वक गतिविधि गर्ने वातावरण थिएन । यति हुँदाहुँदै पनि गैरराज्य तहबाट केही सीमित संस्था पञ्चायत कालमा खुलेका थिए । उदाहरणका लागि, न्यू एरा (स्था. सन् १९७१), रिसोर्सेस हिमालय (स्था. सन् १९८६), सर्वांगीण विकास अध्ययन केन्द्र (आईआईडीएस, स्था. सन् १९७९), आदि लाई लिन सकिन्छ ।

वि.सं. २०४६ सालको परिवर्तन पश्चात् विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, संघ-संस्था खोल्न पाउने स्वतन्त्रता, आदि नागरिक अधिकारको संवैधानिक प्रत्याभूति भयो, र विविध उद्देश्य बोकेका स्वतन्त्र संघ-संस्था स्थापना गर्ने वातावरण बन्यो । सँगसँगै, संघ-संस्थाले वैदेशिक आर्थिक सहयोग जुटाउन पाउने सम्बन्धमा पनि राज्यले केही उदार नीति लियो । फलस्वरूप, सामाजिक संस्थाको संख्या हरेक वर्ष बढ्दै गयो (पराजुली र अरू २०७७) । यसरी खुलेका संस्थामध्ये धेरै चाहिँ नागरिकहरूलाई प्रत्यक्ष रूपमा वस्तु वा सेवा वितरण गर्ने र अधिकार पैरवी गर्ने प्रकृतिका संस्था भए पनि अनुसन्धानमुखी प्राज्ञिक संस्थाको संख्यामा पनि केही बढोत्तरी भयो । यस अवधिमा खुलेका र विभिन्न

[३] एप्रोक्सको स्थापना र यसका गतिविधिबारे विस्तृत जानकारीका लागि सिजापती (२०७६) हेर्नुहोस् ।

प्राज्ञिक गतिविधि गरी ख्याती कमाएका केही प्राज्ञिक संस्थाहरूमा सोसल साइन्स बहा:, नेपाल समसामयिक अध्ययन केन्द्र (एनसीसीएस), मार्टिन चौतारी, फरेस्ट एक्शन, आईसेट-नेपाल, साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भारन्मेन्ट (साउती), नीति फाउण्डेशन, नेपाल मधेश फाउण्डेशन, आदि हुन् । मार्टिन चौतारीले संकलन गरेको स्वतन्त्र अनुसन्धानमुखी संस्थाहरूको सूचीमा त्यस्ता संस्थाको संख्या २०७९ को अन्तसम्म आइपुग्दा काठमाडौँ उपत्यकाभित्र मात्र चार दर्जनभन्दा बढी छ । त्यसमध्ये आधाभन्दा बढी संस्थाले आफ्ना अनुसन्धान गतिविधिहरू नियमित रूपले सञ्चालन गरिरहेका भेटिन्छन् । बाँकी आधा संस्थाहरूमा केही बन्द भइसकेका छन् भने केही निष्कृय छन् । काठमाडौँ बाहिर स्थापित यस्ता संस्थाको मोटामोटी तथ्यांक पनि भन्न कठिन छ । यद्यपि, हाम्रो आफ्नै लामो अवलोकन, उपलब्ध सामग्रीको अध्ययन तथा काठमाडौँ बाहिर विभिन्न सिलसिलामा जाँदा देखेका र अनुभव गरेका आधारमा उक्त संख्या निकै सानो भएको अनुमान गर्न सकिन्छ ।

## *औचित्य र प्रकार*

विश्वभरको अभ्यास हेर्ने हो भने प्राज्ञिक अध्ययन-अनुसन्धान गर्ने र त्यसका लागि पर्याप्त पूर्वाधार र जनशक्ति तयार गर्ने दायित्व मूलतः विश्वविद्यालयले लिएका हुन्छन् । अन्य प्राज्ञिक संस्थाहरूको भूमिका पूरकको हुन्छ । नेपालमा भने विश्वविद्यालयभित्र अनुसन्धानलाई प्रवर्द्धन गर्ने उचित वातावरण नहुँदा विश्वविद्यालय तथा ती अन्तर्गत खुलेका अनुसन्धान केन्द्रहरू अनुसन्धानमा उतिसारो सक्रिय रहेको पाइन्न । पञ्चायत कालमा त्रिभुवन विश्वविद्यालय (त्रिवि) अन्तर्गतका अनुसन्धान केन्द्रहरू : सेडा, सिनास र सेरिड एवं इतिहास, जनसंख्या, भूगोल जस्ता केन्द्रीय विभागबाट अनुसन्धान र प्रकाशनका क्षेत्रमा केही उल्लेखनीय काम भएका थिए । तर पछिल्ला दशकमा ती अनुसन्धान केन्द्र र विभागबाट गहन अनुसन्धान र प्रकाशनमा कमी आएको छ । अनुसन्धानको दृष्टिबाट हेर्दा अन्य विश्वविद्यालयहरूको अवस्था पनि उत्साहवर्धक देखिँदैन ।

खास गरी त्रिवि अन्तर्गतका विभाग तथा अनुसन्धान केन्द्रहरूमा पर्याप्त आर्थिक स्रोत तथा जनशक्तिको अभावलाई नै अनुसन्धान हुन नसक्नुको कारण बताइन्छ । ज्ञान उत्पादन र वितरणको मेरुदण्ड मान्ने गरिएका विश्वविद्यालयहरू नेपालको सन्दर्भमा केवल शैक्षिक गतिविधि (अध्यापन) मा नै केन्द्रित रहँदै आएको तथ्य यसअघि भएका विभिन्न अध्ययनले प्रस्तुत गरिसकेका छन् (हेर्नुहोस्, हाछेथु सन् २००२ए, सन् २००२बी; वन्त सन् २००३; सुवेदी र उप्रेती सन् २०१४; राज र वन्त सन् २०१४; सुवेदी सन् २०१४) ।[४] विश्वविद्यालय

[४] पछिल्लो समयमा त्रिविका अनुसन्धान केन्द्रहरू अनुसन्धानमा उदासीन वा निष्कृय रहेको टिप्पणी सहितका सार्वजनिक बहसका लागि राई (२०७८), शर्मा (२०७८) र देवकोटा (२०७८) हेर्नुहोस् । यसै सन्दर्भमा पछिल्लो टिप्पणीका लागि कैनी (२०७९) हेर्नुहोस् ।

बाहेक, नेपाली राज्य मातहत विभिन्न सरकारी अनुसन्धान निकाय (थिंकट्यांक) जस्तै, राष्ट्रिय योजना आयोग, परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान, केन्द्रीय तथ्यांक विभाग, नेपाल राष्ट्र बैंक, व्यापार प्रवर्द्धन केन्द्र, जल तथा उर्जा आयोग, नेपाल विज्ञान प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट), नीति अनुसन्धान प्रतिष्ठान, आदि पनि छन् । यिनले मुख्यतः सरकारको आवश्यकता र प्राथमिकताका विषयमा कार्यमूलक (एक्शन ओरिएन्टेड) एवं नीतिगत अनुसन्धान गरी सरकारलाई सुझाव दिने काम गर्छन् ।

माथि भनिए झैँ, २०४६ सालको परिवर्तन पछिको उदार नीतिले गर्दा नेपालको गैरसरकारी क्षेत्रमा आएको तीव्र विस्तारको केही प्रभाव प्राज्ञिक क्षेत्रमा समेत पर्न गयो । विश्वविद्यालय जस्तो प्राज्ञिक गतिविधिको केन्द्र समाज विज्ञान अनुसन्धानमा कमजोर रहेका बेला त्यो खाडललाई केही भए पनि पुर्न प्राज्ञिक गैससहरूको स्थापना र सक्रियता महत्त्वपूर्ण देखिएको छ । अन्तर्राष्ट्रिय दातृ निकायबाट यस्ता गैससलाई सीधै सहयोग प्राप्त हुनु तथा विश्वविद्यालयमा हुनुपर्ने अनुसन्धान घट्दै जाँदा त्यहाँका जनशक्ति परामर्शदाताको रूपमा काम गर्ने गरी विश्वविद्यालय बाहिरका संस्थाहरूले प्राप्त गर्नु स्वतन्त्र प्राज्ञिक संस्था विस्तारको एउटा कारण थियो (हाछेथु सन् २००२ए) । यसका साथै, गएको तीन दशकमा विदेशी विद्यालयमा उच्चशिक्षा प्राप्त गरी फर्केका अनुसन्धान कार्यमा प्रशिक्षित जनशक्तिको उपलब्धताका कारण पनि यिनको संख्या र गतिविधि बढेको देखिन्छ ।

अध्येता कृष्ण हाछेथु (सन् २००२ए) ले कामको प्रकृति र उद्देश्यका आधारमा पाँच किसिमका अनुसन्धान कार्य गर्ने गैससहरूको अस्तित्व नेपालमा रहेको उल्लेख गरेका छन् । ती हुन् : क) परामर्श तथा कार्यमूलक अनुसन्धान सेवा दिने संस्था, ख) पैरवीमा आधारित संस्थाहरू, ग) प्राज्ञिक अनुसन्धान केन्द्रहरू, घ) पेसागत संगठनहरू, र ङ) अन्तर्राष्ट्रिय गैससका नेपालस्थित शाखाहरू । यी संस्थाले गर्ने अनुसन्धानका कामहरूलाई मुख्य गरी चार प्रकारमा विभाजन गरी हेर्न सकिन्छ : क) बजारको मागमा आधारित परामर्श वा कार्यमूलक अनुसन्धान, ख) अधिकारमा आधारित पैरवी अनुसन्धान, ग) नीति विश्लेषण र घ) आधारभूत अनुसन्धान । व्यवसायका रूपमा सेवाग्राही (क्लायन्ट) को माग अनुसार गरिने अनुसन्धान, जस्तो घरधुरी वा अभिमत सर्वेक्षण, सम्भाव्यता अध्ययन, कुनै कार्यक्रमको प्रभाव मूल्यांकन जस्ता कामहरू पहिलो प्रकृतिका अनुसन्धान कार्यमा पर्छन् । यस्ता अनुसन्धान विशुद्ध रूपले आफ्ना सेवाग्राहीको आवश्यकता पूर्तिका लागि गरिन्छन् । पञ्चायतकालमै स्थापित न्यू एरादेखि इन्टरडिसिप्लिनरी एनलिस्ट (आईडीए) र पछिल्लो समयमा स्थापना भएको शेयरकाष्ट इनिसियटिभ्स जस्ता संस्थाहरू मुख्य गरी पहिलो किसिमको अनुसन्धानमा केन्द्रित छन् । उल्लिखित संस्था बाहेक पनि थुप्रै अरू संस्था तथा प्राज्ञिकहरूको ठूलो संख्या यस्ता परामर्श वा कार्यमूलक अनुसन्धानमा संलग्न छन् । तीमध्ये धेरैले गरेका काम सार्वजनिक नहुने र आफ्ना सेवाग्राहीलाई प्रतिवेदन

बुझाउनमै सीमित हुने हुँदा ज्ञान उत्पादनको क्षेत्रमा उनीहरूको प्रत्यक्ष योगदान आकलन गर्न कठिन छ ।

अनुसन्धानमा आधारित रही अधिकारमुखी पैरवी गरिरहेका प्राज्ञिक गैसस पनि अस्तित्वमा छन् । तिनले मानवअधिकार उल्लंघनका घटनाहरूबारे अनुगमन र निगरानी गर्ने, सीमान्तकृत तथा विभिन्न पेसागत समूहको पहिचान, अधिकार तथा सवलीकरणका लागि आवश्यक तथ्यांक जुटाउने र त्यस आधारमा पैरवी गर्ने, आदि काम गर्छन् । साथै, सीमान्तकृत वा उत्पीडित पक्षलाई तालिम, चेतनामूलक अभियान तथा क्षमता अभिवृद्धि सम्बन्धी गतिविधि मार्फत सशक्तीकरण गर्नु पनि तिनको उद्देश्य हुने गर्दछ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), फ्रिडम फोरम, एड्भोकेसी फोरम, समता फाउण्डेशन, अस्मिता महिला प्रकाशन गृह, नेपाल मधेश फाउण्डेशन, जनजाति तथा वैकल्पिक अध्ययन केन्द्र, आदि थुप्रै संस्थाहरू यस अन्तर्गत पर्छन् । यस्ता संस्थाहरूको उद्देश्य सम्बन्धित मुद्दामा आधारभूत तथ्यांक तथा उत्पीडित वा सीमान्तकृत समुदायका कथाहरू संकलन गरी त्यसका आधारमा देखिएका समस्या समाधानका लागि राज्य र अन्य सरोकारवाला समक्ष सुसूचित बहस र पैरवी गर्नु हो ।

नीति अनुसन्धान र विश्लेषण गर्ने उद्देश्य बोकेका प्राज्ञिक गैससको संख्या पनि उल्लेख्य छ । यस्ता संस्थाहरूको काम मुख्य गरी सार्वजनिक नीति तथा कानूनी दस्तावेजहरूलाई राष्ट्रिय संविधान, अन्तर्राष्ट्रिय कानून तथा घोषणापत्र, सन्धि-सम्झौता तथा बडापत्रहरूको कसीमा राखेर अध्ययन गर्ने; देशमा तिनको व्यावहारिक कार्यान्वयनका पाटाबारे व्याख्या र समीक्षा गर्ने तथा सरकार एवं सम्बन्धित सरोकारवाला निकायहरूलाई उचित र उपयुक्त नीति तथा कानूनहरू तर्जुमा गर्न सुझाव दिनु हो । आ-आफ्ना रुचि, क्षमता वा प्राथमिकताका आधारमा संस्थाहरूले विषयगत क्षेत्र निर्धारण गरी काम गरिरहेका पाइन्छन् । आईआईडीएस, नीति फाउण्डेशन, नेपाल इन्स्टिच्यूट फर पोलिसी स्टडीज, फरेस्ट एक्शन, साउथ एशिया इन्स्टिच्यूट अफ एड्भान्स्ड स्टडीज, साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भारन्मेन्ट, आदि नीति अनुसन्धान वा विश्लेषणमा संलग्न केही संस्था हुन् ।

अर्का खालका प्राज्ञिक संस्थाहरू समाज विज्ञान सम्बन्धी आधारभूत अनुसन्धानमा केन्द्रित रहेर काम गरिरहेका छन् । कुनै मुद्दाको समाधानको बाटो देखाइदिने वा वकालत गर्ने उद्देश्यले नभई समाजमा देखा परेका समस्या वा जटिलता बुझ्ने, निश्चित सैद्धान्तिक जगमा टेकेर त्यसको व्याख्या गर्ने एवं समस्याको कार्य/कारण केलाउने प्रकृतिको अनुसन्धानलाई नै आधारभूत अनुसन्धानका रूपमा बुझ्ने गरिन्छ । नेपालमा यस्तो किसिमका अनुसन्धान गर्ने संस्थाहरूको संख्या तुलनात्मक हिसाबले कम छ । यस्ता अनुसन्धानको परिणाम तत्कालै नदेखिने र कुनै समस्याको व्यावहारिक समाधान दिनेभन्दा पनि निश्चित विषयमा प्राज्ञिक बहस मार्फत बुझाइ वा ज्ञान निर्माण गर्नेतर्फ लक्षित रहने हुनाले विश्वविद्यालय बाहिरका धेरै

प्राज्ञिकहरूको चासो यसमा रहँदैन । न तत्कालै परिणाम चाहने राष्ट्रिय वा अन्तर्राष्ट्रिय दाता नै यस्ता कार्यप्रति उत्साहित हुन्छन् । विशुद्ध रूपले आधारभूत अनुसन्धानमा मात्रै केन्द्रित भएका संस्था त औँल्याउन कठिन छ, तैपनि यसलाई आफ्नो मूल उद्देश्य राखेका केही परिचित संस्थाहरूको उदाहरण दिनुपर्दा नेपाल समसामयिक अध्ययन केन्द्र (एनसीसीएस; सन् २०२० देखि बन्द), सोसल साइन्स बहाः, मार्टिन चौतारी, सामाजिक र वातावरणीय परिवर्तन अध्ययन संस्था (आईसेट-नेपाल), नेपाल वाटर कन्जर्भेशन फाउण्डेशन, नेपाल विकास अध्ययन संस्थान (निड्स), आदिको नाम लिन सकिन्छ ।

समग्रमा, प्राज्ञिक गैससका मुख्य गतिविधि वा केन्द्रीय भूमिकाका आधारमा विभिन्न संस्थाको उदाहरण दिएर उल्लिखित वर्गीकरण गरिएको भए तापनि धेरैजसो सन्दर्भमा उक्त वर्गीकरणको रेखा भने प्रस्ट रूपले छुट्ट्याउन कठिन छ । अर्थात् कुनै पनि संस्थाले विशुद्ध नीति अनुसन्धान मात्रै वा आधारभूत अनुसन्धान मात्रै गरेका छैनन् । संस्थालाई टिकाइराख्ने रणनीति अनुरूप वा कार्यरत जनशक्तिको रुचि र प्राथमिकताका आधारमा आधारभूत अनुसन्धानमा आफूलाई केन्द्रित गरेका संस्थाले पनि कहिलेकाहीँ नीति विश्लेषण वा परामर्शदातृ अनुसन्धान गरेका वा परामर्शदातृ अनुसन्धान गरिरहेका संस्थाले नीतिगत वा आधारभूत अनुसन्धान गरेका उदाहरण पनि पाइन्छन् । त्यसैले, समग्रतामा निश्चित संस्थाको पहिचान निश्चित प्रकृतिको अनुसन्धानसँग जोडिने भए पनि तिनले गर्ने काम सधैँ एकै खालका मात्र नहुन सक्छन् ।

### *कार्यक्षेत्र*

माथि उल्लेख गरिए झैँ, प्राज्ञिक गैससहरू विविध प्रकारका अनुसन्धानको काममा मात्र सीमित छैनन् । यिनले आफूले गरेका कामलाई विभिन्न स्वरूपमा बाहिर ल्याउनुका अतिरिक्त आफ्नो रुचि, क्षमता र आवश्यकता अनुसार छलफल तथा कार्यशाला, तालिम/क्षमता अभिवृद्धि, पैरवी, जर्नल प्रकाशन, सम्मेलन, स्रोत-सामग्री केन्द्रको स्थापना, पुस्तकालय सञ्चालन जस्ता प्राज्ञिक पूर्वाधार निर्माणको काम पनि गर्दछन् । विद्यमान अभ्यासलाई हेर्दा के देखिन्छ भने कतिपय परामर्शदातृ संस्थाहरूले आफूले गरेका अनुसन्धानका कामहरू अनुसन्धान प्रतिवेदनका रूपमा बाहिर ल्याउने गर्छन् । उदाहरणका लागि, न्यू एराले करिब ३०० यस्ता प्रतिवेदन आफ्नो वेबसाइटमा राखेको छ । यसले स्वास्थ्य, शिक्षा, कृषि, पोषण, जनसंख्या र परिवार नियोजन, लैंगिकता, द्वन्द्व लगायत अढाई दर्जन जति विषयमा काम गरेको छ । तर, कतिपय संस्थाले गरेका यस्तै प्रकृतिका काम बाहिर नल्याइएका पनि छन् ।

पैरवी अनुसन्धानमा लागेका संस्थाहरूले सम्बन्धित विषयमा अनुगमन तथा निगरानी गरी अधिकार हननका घटनाबारे प्रतिवेदन, पीडितका कथा व्यथा एवं आफ्नो पहलमा

भएका कारवाही र उपचारबारे सफलताका कथाहरू प्रकाशन गर्ने तथा त्यस सम्बन्धमा छलफल र कार्यशालाहरू सञ्चालन गर्ने गरेका पाइन्छन् । मानवअधिकार उल्लंघन सम्बन्धी भएका घटना तथा त्यस सम्बन्धमा भएका पहलबारे इन्सेक वा एड्भोकेसी फोरमले नियमित अनुगमन गर्ने, ती सम्बन्धी प्रतिवेदन प्रकाशन गर्ने, चेतनामूलक तथा पैरवी अभियानहरू सञ्चालन गर्ने गरेका पाइन्छन् । नीति विश्लेषण गर्ने संस्थाहरू प्रायः नीति छलफल वा बहस आयोजना गर्ने, नीति-पत्र, बुलेटिन, पुस्तक तथा जर्नल प्रकाशन कार्यमा लागेका पाइन्छन् । साथै, कतिपय संस्थाले आफूले काम गरिरहेका विषयको स्रोत-सामग्री संकलन गरी पुस्तकालय वा स्रोत केन्द्र पनि चलाइरहेका छन् ।

सरकारले कुनै नीति वा कानून जारी गर्दा वा गर्न लाग्दा त्यसबारे सार्वजनिक बहस, प्रकाशन तथा परामर्श कार्यशालाका माध्यमबाट तिनको समीक्षा गर्ने र नीति निर्माण तथा विद्यमान नीतिमा समयानुकूल संशोधन गर्न सुझाव र दबाब दिने काम नीति सम्बन्धी अनुसन्धान गर्ने प्राज्ञिक संस्थाहरूले गर्छन् । फरेस्ट एक्शनले वन, कृषि, जैविक विविधता र जलवायु परिवर्तनबारे नीति अनुसन्धान, पैरवी गर्दैआएको छ । यसले सम्बन्धित विषयहरूमा केन्द्रित रही करिब चार दर्जन नीति-पत्र प्रकाशन गरेको छ भने अंग्रेजी भाषामा *जर्नल अफ फरेस्ट एण्ड लाइभ्लिहुड* र नेपालीमा *हाम्रो वन सम्पदा* जर्नल प्रकाशन गर्दैआएको छ । त्यस्तै, यहाँबाट प्रकाशित पुस्तक, छलफल-पत्र, बुलेटिन, कार्यशालाका प्रतिवेदन, पोस्टर, आदि सामग्री पनि सो संस्थाले आफ्नो वेबसाइटमा राखेको छ । आफूले काम गर्ने विषयका छलफल, कार्यशाला र सम्मेलनको आयोजना पनि यसका गतिविधिभित्र पर्छन् । त्यस्तै, आर्थिक नीति अध्ययन, ग्रामीण विकास, योजना, लैंगिकता र राजनीति जस्ता विषयमा काम गर्ने संस्था आईआईडीएसले १९८ ओटा अनुसन्धान प्रतिवेदन तथा *नेपाल इकोनोमिक आउटलूक*का आठ ओटा शृंखला तथा अन्य दुई पुस्तकको सूची आफ्नो वेबसाइटमा राखेको छ ।

आफूलाई आधारभूत अनुसन्धान, ज्ञान उत्पादन तथा प्राज्ञिक पूर्वाधार निर्माणमा केन्द्रित गर्ने संस्थाहरू अनुसन्धानका साथसाथै सम्बन्धित विषयका स्रोत-पुस्तक (रिडर), सन्दर्भ-सूची, शोध-संक्षेप, सम्पादित पुस्तक (एडिटेड भोल्युम) तथा अनुसन्धानमूलक लेख, जर्नल, आदि उत्पादन गर्छन् । अनुसन्धानकर्ताहरूलाई भेला गर्ने र तत्कालीन समयमा भइरहेका अनुसन्धानको प्रस्तुतिका लागि आवधिक रूपमा अनुसन्धान सम्मेलन आयोजना गर्ने, विविध रिडिङ सेमिनार तथा प्राज्ञिक लेखन कार्यशाला, मेन्टरिङ तथा स्रोत-केन्द्र तथा अनुसन्धान पुस्तकालय सञ्चालन, अनुसन्धान फेलोशिप प्रदान गर्ने, आदि यस्ता संस्थाको प्राथमिक कार्य हुन् । संस्थाभित्रै बलियो र दक्ष अनुसन्धान समूहबिना यस्ता संस्थाका गतिविधिले नियमितता पाउन कठिन हुने हुँदा परामर्शदाताको मात्र भर पर्नेभन्दा पनि निश्चित संख्यामा तालिमप्राप्त अनुसन्धाताहरूको बलियो समूह उनीहरूले तयार गरिरहेका हुन्छन् ।

मुख्य काम आधारभूत अनुसन्धान हुँदाहुँदै पनि नीति अनुसन्धान तथा विश्लेषणमा पनि यी संस्थाहरू आक्कलझुक्कल लागिरहेका हुन्छन्, जसरी नीति अनुसन्धान गर्ने संस्थाहरू पनि कहिलेकाहीँ आधारभूत अनुसन्धानमा पनि संलग्न हुने गर्दछन् । त्यो संस्थाको प्राथमिकताभन्दा पनि दातृ संस्थाद्वारा सहयोगप्राप्त परियोजनाको एक अंशका रूपमा जोडिएर आएको हुनसक्छ भने कहिलेकाहीँ आफूले काम गरिरहेको विषयका नीतिगत विश्लेषण गर्ने संस्थाहरू नदेखिँदा आवश्यकताको आधारमा पनि गर्ने गरेका पाइन्छन् ।

सन् २०२० मा बन्द भएको एनसीसीएस वा हालसम्म सञ्चालनमै रहेका सोसल साइन्स बहा:, मार्टिन चौतारी जस्ता संस्थाहरूले माथि उल्लिखित अधिकांश काम गरेका पाइन्छन् । खास गरी विविध समसामयिक राजनीतिक मुद्दामा अनुसन्धान गर्न भनेर एनसीसीएसको स्थापना गरिएको थियो । यसले विभिन्न पुस्तकका अतिरिक्त *नेपाली जर्नल अफ कन्टेम्पोररी स्टडीज* प्रकाशन गर्दथ्यो । सोसल साइन्स बहा: ले पनि खास गरी बसाइँ-सराइ, राज्य र शासन व्यवस्था, शहर, स्वास्थ, धर्म र संस्कृति, आदिबारे अनुसन्धान र पुस्तक प्रकाशन, प्रवचन तथा सम्मेलनहरू आयोजना गर्दैआएको छ । यसले नेपाली भाषाको *बहा: जर्नल* पनि प्रकाशन गरेको थियो । यो जर्नल तीन अंक प्रकाशन भएपछि बन्द भयो । पछिल्लो समयमा बहा:ले नेपाल अध्ययनसँग सम्बन्धित गतिविधिहरूको जानकारीमूलक मासिक बुलेटिन (*सोसल साइन्स बहा: न्यूजलेटर*) प्रकाशन गर्दैआएको छ । त्यस्तै, केही अन्तर्राष्ट्रिय संस्था सँगको सहकार्यमा यसले हरेक वर्ष आयोजना गर्ने नेपाल र हिमालय सम्बन्धी वार्षिक काठमाडौँ सम्मेलन नेपाल अध्ययन गर्ने नेपाली तथा विदेशी अनुसन्धाताहरूका लागि एउटा भरपर्दो मञ्च हो । त्यस्तै, महेशचन्द्र रेग्मी प्रवचन शृंखला तथा बिहारीकृष्ण श्रेष्ठ अनुसन्धान फेलोशिप एवं सार्वजनिक पुस्तकालय यसका अन्य उल्लेखनीय गतिविधि हुन् ।

समाज विज्ञान सम्बन्धी अनुसन्धानमा स्थापित अर्को संस्था मार्टिन चौतारीले आन्तरिक अनुसन्धानकर्ताहरूद्वारा गरेका अनुसन्धान तथा बाहिरका केही व्यक्तिहरूद्वारा गरिएका अनुसन्धानमा आधारित तथा स्रोत-पुस्तक, सन्दर्भ-सूची, शब्दकोश, आदि गरी चैत २०७९ सम्ममा १११ ओटा पुस्तकाकार रचना बाहिर ल्याइसकेको छ । यी पुस्तक शिक्षा, मिडिया, वातावरणीय न्याय, राजनीतिक संक्रमण, जनस्वास्थ्य, जीविका, इतिहास, विकास, आदि विषयमा केन्द्रित छन् । पुस्तक र जर्नल बाहेक विभिन्न विषयका शोध-संक्षेप तथा नीति-पत्र, सन्दर्भ-सूची पनि चौतारीले दर्जनौँको संख्यामा प्रकाशन गरेको छ । मार्टिन चौतारीको आफ्नै हाताभित्र नियमित आयोजना हुने (साप्ताहिक कम्तिमा एउटादेखि कुनै समय विभिन्न संस्थाको सहकार्यमा पाँच ओटासम्म) नियमित छलफल शृंखला यो संस्थाको मुख्य पहिचान हो, जुन वि.सं. २०४८ देखि अविच्छिन्न रूपमा सञ्चालन हुँदैआएको छ । यसका अलावा, "चौतारी वार्षिक सम्मेलन" तथा "चौतारी

स्थापना व्याख्यान" र अनेकौँ विषयगत कार्यशालाहरू पनि यसका नियमित गतिविधि हुन् भने नयाँ पुस्ताका प्राज्ञिक जनशक्ति तयार पार्न मेन्टरिङ वा अनुसन्धानपत्र लेखन, जर्नल प्रकाशन र व्यवस्थापन जस्ता कार्यशालाहरू पनि चौतारीले आयोजना गरिरहेको छ। त्यस्तै, अनुसन्धाताहरूलाई लक्षित गरी सार्वजनिक पुस्तकालय सञ्चालन पनि यसको अर्को उल्लेखनीय काम हो।

समग्रमा, प्राज्ञिक गैससले ओझेलमा परेका मुद्दा तथा सीमान्तकृत समुदायका सरोकारलाई सार्वजनिक बहसमा ल्याउने, अनुसन्धान गर्ने युवा पुस्ता तयार पार्ने, सार्वजनिक नीति-निर्माणमा सुसूचित बहसद्वारा राज्यलाई मार्गदर्शन गर्ने तथा दबाब दिने काम गर्दैआएका छन्। त्यतिमात्र होइन, नेपाल सम्बन्धी अनुसन्धानमा लामो समयदेखि कायम रहेको विदेशीको प्रभुत्त्व तथा विदेशी अनुसन्धानकर्ताहरूको मुख ताक्नुपर्ने अवस्थाबाट नेपाललाई बाहिर ल्याउन यस्ता संस्थाको भूमिका उल्लेखनीय छ।

## आर्थिक स्रोत र दिगोपनका चुनौती

### *वैदेशिक सहयोगमा निर्भरता*

अनुसन्धान गर्न र त्यसको पूर्वाधार तयार पार्न प्राज्ञिक गैससको महत्त्वपूर्ण योगदान हुँदाहुँदै पनि राज्यबाट तिनले त्यस अनुसारको मान्यता पाएका छैनन्। न राज्यले कुनै किसिमको सहयोग नै दिएको छ। अनुसन्धान क्षेत्रमा कार्यरत के-कति संस्थाहरू छन् र ती कसरी चलेका छन् भन्नेबारे समेत राज्यलाई कुनै चासो भएको देखिँदैन।[५] अन्यत्र निजी क्षेत्रले विभिन्न फाउण्डेशनहरू मार्फत अनुसन्धानको कामलाई सघाएको देखिन्छ। तर नेपालको निजी क्षेत्र, जस्तै, उद्योगी वा व्यापारिक घरानाहरूले धार्मिक, स्वास्थ्य वा शिक्षा क्षेत्रमा केही चन्दा दिएको पाइए पनि अनुसन्धान-क्षेत्रप्रति तिनको खासै रुचि देखिँदैन। अर्कातिर, आन्तरिक स्रोतमा अनुसन्धान कार्य ढुक्कसँग हाँक्नसक्ने बलियो अनुसन्धान कोष भएका अनुसन्धान संस्थाहरू छैनन्। न आफूले उत्पादन गर्ने अनुसन्धानका उपजहरूको बिक्री तथा आयोजना गर्ने विभिन्न तालिम तथा कार्यशालाबाट संस्था चलाउन पुग्ने आम्दानी नै तिनलाई प्राप्त हुन्छ। यस्तो अवस्थामा आफ्ना उद्देश्य अनुरूपका गतिविधि गर्न विदेशी दातृ संस्थाहरूबाट

[५] राज्यको बेवास्ता वा पहिचानको समस्या एवं वैदेशिक सहयोगमा निर्भरता अनुसन्धानमुखी संस्थाका लागि मात्र नभएर समग्र गैससलाई नै लागु हुन्छ। संस्थाको उद्देश्य र प्रकृतिका आधारमा नीतिगत व्यवस्था तय गरी तदनुरूप फरक-फरक ढंगले व्यवस्थापन नगरी सबैलाई एउटै डालोमा राखेर राज्यले नियमन गर्दा संस्थाहरूको भिन्न अस्तित्व विलिन हुन पुगेको छ भने सबै किसिमका संस्था प्रतिको आमबुझाइ वा धारणा पनि एकैखाले बन्न पुगेको छ। यसले गर्दा एउटा प्राज्ञिक संस्थाबाट राज्य र समाजले गर्ने अपेक्षामा पनि अन्य गैससँग गरिने अपेक्षाभन्दा भिन्न देखिँदैन।

सहयोग जुटाउनु नै विगतदेखि अहिले सम्मको एकमात्र विकल्प रहिआएको देखिन्छ (हाछेथु सन् २००२ए; वन्त सन् २०१२; राज र वन्त सन् २०१४; वन्त र भण्डारी सन् २०१७ए) ।

प्राज्ञिक कर्म तुलनात्मक रूपमा खर्चिलो काम हो । संस्थाको प्रकृति, गतिविधिका क्षेत्र र संस्थाको आकार अनुसार खर्चको मात्रा फरक हुनसक्छ । तैपनि, आवश्यक भौतिक पूर्वाधार तथा कम्तिमा पनि १०–१५ जना दक्ष र अनुभवी पूर्णकालीन कर्मचारी तथा अनुसन्धाता सहितको एउटा औसत आकारको अनुसन्धान संस्था नियमित सञ्चालन गर्न वार्षिक कम्तिमा पनि दुईदेखि अढाई करोड रुपियाँ खर्च हुने देखिन्छ ।[६] यसमा कर्मचारीको तलब, घरभाडा, मसलन्द, सञ्चार तथा उर्जा, स्थलगत अनुसन्धानमा जानुपर्दाको यातायात र बसोबासको खर्च, पुस्तकालयका लागि आवश्यक पुस्तक तथा अन्य सामग्री, कार्यशाला, सम्मेलन जस्ता दुई-चार ओटा कार्यक्रम आयोजनाको खर्च पर्दछन् । यसको अर्थ वार्षिक दुई-अढाई करोड रुपियाँ जुटाउन सकेमा एउटा ठीकै खालको प्राज्ञिक संस्थाले आफ्नो गतिविधिलाई निरन्तरता दिन सक्छ । हामीकहाँ अहिले सम्मको अभ्यास हेर्दा, जे-जति वैदेशिक सहयोग प्राप्त हुन्छ, सो तोकिएको कार्यक्रम सम्पन्न गर्नलाई मात्र सीमित हुने हुँदा प्राज्ञिक संस्थाहरू सधैँ एकपछि अर्को परियोजना खोज्ने दबाबमा हुन्छन् । त्यसमा जो सफल हुनसक्छन् ती बाँच्छन्, जो नियमित सहयोग जुटाउन सक्दैनन्, ती बन्द हुन्छन् वा निष्क्रिय रहन्छन् ।

गैससहरूले प्राप्त गर्ने सहयोग मुख्यतः चार तरिकाले आउँछ । पहिलो, दातृ निकायले आह्वान गरे बमोजिम निश्चित विषयमा अनुसन्धान गर्नका लागि प्रस्ताव पेश गर्ने र प्रतिस्पर्धामा जितेर परियोजना ल्याउने । धेरै अनुसन्धानमुखी संस्थाहरूले अपनाउने मुख्य तरिका पनि यही नै हो । यस्ता खालका सहयोगको लागि दातृ संस्थाहरूले आफूले काम गरिरहेका क्षेत्र र विषयमा विश्वव्यापी वा कुनै क्षेत्र- वा मुलुक-विशेष लक्षित गरी अनुसन्धान परियोजना प्रस्ताव आह्वान गर्छन् ।[७] त्यसमा आफूलाई योग्य देखेमा तथा रुचि र समय मिलेमा संस्थाहरूले आफ्नो तर्फबाट प्रस्ताव पेश गर्छन् । प्राप्त प्रस्तावहरूको मूल्यांकन पश्चात् दातृ संस्थाले निर्धारित संख्याका संस्थाहरूलाई निर्धारित बजेटभित्र रहेर छनोट गर्छन् र सहयोग उपलब्ध गराउँछन् । अनुसन्धानमा मात्रै केन्द्रित यस्ता अवसरहरू अन्य गतिविधि जस्तै विकास निर्माण, निश्चित मुद्दामा पैरवी, समुदायका सदस्यहरूको क्षमता

[६] काठमाडौँमा अवस्थित अनुसन्धान संस्थाका प्रतिनिधिहरूसँग चैत २०७८ र वैशाख २०७९ का विभिन्न मितिमा गरिएको कुराकानी तथा मार्टिन चौतारीको आफ्नै अनुभवमा आधारित ।

[७] कतिपय दातृ संस्था—उदाहरणका लागि, स्पेन्सर फाउण्डेशन, नेशनल इन्डाउमेन्ट फर डेमोक्रेसी—ले भने वर्षमा दुई-तीन ओटा निश्चित मिति तोकेर त्यस समयभित्र जहिले पनि आवेदन दिन सकिने गरी खुला राखेका पनि हुन्छन् ।

अभिवृद्धि, जनचेतना अभिवृद्धि, जस्ता गतिविधिहरूका लागि गरिने सहयोगको तुलनामा अत्यन्त न्यून हुन्छन् । त्यसैले, परियोजना प्राप्त गर्न त्यहाँ सधैँ ठूलो प्रतिस्पर्धा हुने गर्दछ ।

विश्वव्यापी प्रतिस्पर्धा हुने अनुसन्धान परियोजनाहरूमा सयौँको संख्यामा आवेदन पर्छन् । त्यसमाथि पनि प्रायः प्रतिष्ठित विश्वविद्यालय वा विकसित मुलुकका अनुसन्धान संस्थाहरूसँग प्रतिस्पर्धा हुने हुँदा अनुसन्धान परियोजना सञ्चालनमा लामो अनुभव, दरिलो संस्थागत संरचना र पर्याप्त दक्ष जनशक्ति नभएका संस्थाहरू त्यस्ता विश्वव्यापी प्रतिस्पर्धामा जानै सक्दैनन् । त्यसैले, थोरै संस्थाहरूले मात्र त्यस्ता प्रतिस्पर्धामा आफूलाई अब्बल साबित गरी सहयोग जुटाएका पाइन्छ । नेपाल नै कार्यक्षेत्र तोकेर खुलेका आवेदनहरूमा तुलनात्मक रूपले कम प्रतिस्पर्धा हुने भए पनि पर्याप्त बजेट सहितका त्यस्ता अवसर नै कम हुन्छन् ।[८] काठमाडौँमा अवस्थित विभिन्न अनुसन्धानमुखी संस्थाका प्रतिनिधिहरूसँग गरिएको कुराकानीलाई आधार बनाउँदा र उनीहरूले प्राप्त गरेका सहयोग हेर्दा प्रायः विदेशका अनुसन्धान परिषद् वा अनुसन्धान केन्द्र, निजी वा अर्धसरकारी फाउण्डेशन नै अनुसन्धान गर्न सहयोग दिने दाताहरू हुन् । उदाहरणका लागि, इकोनोमिक एण्ड सोसल रिसर्च काउन्सिल, युरोपियन रिसर्च काउन्सिल, फोर्ड फाउण्डेशन, द एशिया फाउण्डेशन, ओपन सोसाइटी फाउण्डेशन, इन्टरनेशनल डेभलपमेन्ट रिसर्च सेन्टर (आईडीआरसी) जस्ता संस्थाहरूको आर्थिक सहयोग नेपाली अनुसन्धान संस्थाहरूले प्राप्त गरेका छन् । त्यसमा पनि फाउण्डेशनहरूको सहयोग नेपालको अनुसन्धान कार्यको लागि उल्लेख्य मात्रामा आएको छ ।[९]

दोस्रो तरिका भनेको दातृ संस्थाले काम गर्ने क्षेत्र पहिचान गरी आफूसँग मिल्दो विषयमा काम गर्न स्रोत उपलब्ध गराउन अनुरोध गर्ने हो । यस्तोमा कुनै निश्चित समयमा आवेदन खुलाउने भन्दा पनि नेपाललाई समेत आफ्नो कार्यक्षेत्रमा राखेका संस्थाहरूमा औपचारिक-अनौपचारिक कुराकानी तथा अनुरोध मार्फत संस्थाहरूले परियोजना प्रस्ताव तयार पारी पेश गर्ने र दातृ संस्थालाई सो प्रस्ताव चित्त बुझेमा सहयोग प्राप्त हुन्छ । यो तरिका प्रायः

[८] उदाहरणका लागि, सन् २०१४ मा डेनमार्कको परराष्ट्र मन्त्रालयको सहयोग रहने गरी सार्वजनिक शिक्षाको वित्तीय व्यवस्थापन र सुशासन सम्बन्धी अनुसन्धान गर्न डानिडा फेलोशिप सेन्टर (डीएफसी) ले नेपाल समेत कार्यक्षेत्र रहने गरी अनुसन्धान प्रस्ताव आह्वान गरेको थियो । त्यसमा मार्टिन चौतारीले काठमाडौँ विश्वविद्यालय अन्तर्गतको शिक्षा शास्त्र संकाय र डेनमार्कको आर्हुस विश्वविद्यालयसँग मिलेर प्रस्ताव पेश गरेकोमा सो प्रस्ताव विश्वव्यापी प्रतिस्पर्धामा छनोट भएको थियो । उक्त परियोजना सन् २०१५ मा शुरू भई सन् २०२२ मा सम्पन्न भएको थियो ।

[९] नेपाली संघ-संस्थाहरूले प्राप्त गर्ने वैदेशिक सहयोगको विवरण त्यस्ता कार्यक्रम स्वीकृत गर्ने जिम्मा पाएको समाज कल्याण परिषद्ले आफ्नो वेबसाइटमा हरेक वर्ष राख्ने गरेको हुन्छ । हेर्नुहोस्, www.swc.org.np/pages/393 ।

संस्थाको पृष्ठभूमिका साथै दातृ संस्था वा संस्थाका पदाधिकारी सँगको चिनजानमा भर पर्ने गर्दछ । अर्थात्, व्यक्तिगत वा संस्थागत कुनै किसिमको सम्बन्ध भएमा सहयोग प्राप्त गर्ने सम्भावना बढी रहन्छ । यसरी दातृ संस्थाबाट सहयोग प्राप्त गरी अनुसन्धान परियोजना सञ्चालन भएका उदाहरण पनि प्रशस्त छन् ।

तेस्रो, कुनै स्वदेशी वा विदेशी संस्थाले नेतृत्व गरेको परियोजनामा साझेदार भई काम गर्ने । केही संस्थाले युरोप, अष्ट्रेलिया वा अमेरिकाका विश्वविद्यालयहरूसँग सहकार्य गरी अनुसन्धान परियोजना सञ्चालन गरेका देखिन्छन् । कतिपय अनुसन्धान संस्थाको नेतृत्व तहमा रहेका व्यक्तिको अनुभवमा संस्थामा अनुसन्धान परियोजनाहरू प्राप्त गर्ने यो भरपर्दो उपाय हो । उदाहरणका लागि, साउथ एशिया इन्स्टिच्यूट अफ एड्भान्स्ड स्टडीज, सोसल साइन्स बहा:, फरेस्ट एक्शन जस्ता संस्थाहरूले थुप्रै परियोजनामा यसरी विदेशी अनुसन्धान संस्था वा विश्वविद्यालयसँग सहकार्य गरेका पाइन्छन् । मार्टिन चौतारीले पनि थोरै संख्याका अनुसन्धान परियोजना यस्तो सहकार्य मार्फत सञ्चालन गरेको छ । उनीहरूले विभिन्न दातृ निकायले आह्वान गरेका आवेदनमा दुई वा सोभन्दा बढी संस्थाहरूको सञ्जाल वा कन्सोर्टियम बनाई संयुक्त रूपमा प्रस्ताव हाल्ने र मिलेर काम गर्ने तरिका अपनाएका हुन्छन् ।

ती संस्थाका प्रतिनिधिहरूको अनुभवमा एक्लै प्रस्ताव हाल्नुभन्दा यस्तो सहकार्यबाट परियोजना सहयोग प्राप्त गर्ने सम्भावना बढी रहन्छ, किनकि दातृ संस्थाहरूको प्राथमिकता पनि यही हुन्छ । कति दातृ संस्थाहरूले त परियोजना प्रस्तावको आवेदन आह्वान गर्दा तोकेरै सञ्जाल (कन्सोर्टियम) बनाएर मात्रै आवेदन दिनुपर्ने शर्त राखेका हुन्छन् । जुन संस्था वा त्यहाँ कार्यरत अनुसन्धाता वा पदाधिकारीको सम्बन्ध विदेशका विश्वविद्यालय वा त्यहाँका प्राध्यापकहरूसँग तथा अनुसन्धान संस्थाहरूसँग हुन्छ उनीहरूलाई यस्तो किसिमको सहकार्य गर्न सहज हुन्छ । नेपालमा काम गर्न चाहने विदेशी संस्थाहरूले यहीँकै स्थानीय संस्थासँग सहकार्य गर्नैपर्ने नेपाल सरकारको नीतिगत प्रावधान तथा कतिपय विदेशी दातृ निकायको पनि यस्तै किसिमको शर्तका कारण पनि यस्तो सहकार्य गर्नुपर्ने बाध्यता समेत छ ।

स्रोत जुटाउन अनुसन्धानमुखी संस्थाहरूले अपनाउने गरेको चौथो तरिका भनेको दातृ संस्थाका लागि अनुसन्धान-परामर्श-सेवा हो । नेपालमा कार्यरत धेरैजसो विदेशी दातृ संस्था तथा नेपालकै सरकारी निकाय वा व्यापारिक प्रतिष्ठानहरूले अघिल्लो खण्डमा भनिए झैँ आफूले गर्न चाहेका वा गरेका विकास निर्माण वा अन्य किसिमको सेवा प्रदानसँग सम्बन्धित कामको सम्भाव्यता अध्ययन गर्न, कुनै काम शुरू गर्नुअघि त्यसको उपयुक्त विधि र सम्भावित परिणाम जाँच गर्न तथा काम सम्पन्न भइसकेपछि त्यसको प्रभावकारिता वा सिकाइ मूल्यांकन गर्न अनुसन्धान संस्थाहरूबाट आवेदन आह्वान गर्दछन् । त्यस्तै, दातृ संस्थाको कार्यक्षेत्र भित्रका कुनै विषयमा जनमत सर्वेक्षणका लागि पनि अनुसन्धान संस्थाहरूबाट परामर्श-सेवा लिन्छन् । यस्ता कामका लागि दाताले आह्वान गरेबमोजिम

आवेदन दिई नियमानुसार प्रतिस्पर्धामा भाग लिएर वा दाता र अनुसन्धान संस्था बीचको चिनजान र सम्बन्धका आधारमा पनि अनुसन्धान संस्थाहरूले परामर्श-सेवा दिएर त्यस बापत आर्थिक स्रोत प्राप्त गर्दछन् ।

उल्लिखित चार ओटा तरिका बाहेक प्राज्ञिक गैससले आर्थिक स्रोत जुटाउने अरू केही विकल्प पनि छन्, तर ती सधैँ र सबैलाई उपलब्ध हुनेभन्दा पनि निकै कम संस्थाले मात्र जुटाउनसक्ने हुनाले अपवाद भन्न सकिन्छ । त्यसमा पहिलो विदेशी दातृ निकायद्वारा प्रदान गरिने संस्थागत सहयोगलाई लिन सकिन्छ । कुनै परियोजना-विशेषमा केन्द्रित नहुने हुँदा संस्थाले आफ्नो क्षमता अभिवृद्धि गर्दै आफ्नो प्रशासनिक गतिविधि र आफ्नै रुचिका अनुसन्धानमा रकम खर्च गर्न पाइने हुँदा यस्ता संस्थागत सहयोगले अनुसन्धानमुखी संस्थाको दिगोपनका लागि विशेष महत्त्व राख्छ ।

अनुसन्धानका क्षेत्रमा लामो पृष्ठभूमि भएका, प्रतिबद्ध अनुसन्धाता तथा संस्थागत संरचना भएका र केही लामो समय काम गर्ने प्रतिबद्धता देखाउनसक्ने र टिक्नसक्ने सम्भावना भएका संस्थाहरूले आक्कलझुक्कल यस्तो संस्थागत सहयोग पाएका छन् । उदाहरणका लागि, विगतमा मार्टिन चौतारीले डानिडा हुगो र ओपन सोसाइटी फाउण्डेशनबाट, नेपाल वाटर कन्जर्भेशन फाउण्डेशनले फोर्ड फाउण्डेशनबाट, आईसेट-नेपालले आईडीआरसीबाट, सोसल साइन्स बहा:ले ओपन सोसाइटी फाउण्डेशनबाट, साउथ एशिया इन्स्टिच्यूट अफ एड्भान्स्ड स्टडीजले द एशिया फाउण्डेशनबाट, नेपाल मधेश फाउण्डेशनले डानिडा हुगोबाट विगतमा यस्तो संस्थागत सहयोग प्राप्त गरेका थिए ।[१०] तर बुझ्नुपर्ने कुरा के छ भने संस्थागत सहयोग भनिए पनि त्यस्तो सहयोग दीर्घकालीन बचत गरी चलाउन नमिल्ने र तोकिएको अवधिभित्र खर्च गरिसक्नुपर्ने शर्तमा नै प्राप्त भएका हुन् ।

निश्चित कार्यक्रममा खर्च गर्ने गरी प्राप्त हुने परियोजनामुखी सहयोगको अवधि प्रायः एकदेखि तीन वर्ष सम्मको हुन्छ । त्यसमाथि पनि एक पटकमा एउटा मात्र परियोजनामा भर परेर संस्था चलाउन सकिने अवस्था हुँदैन, किनकि त्यसले संस्थाको सञ्चालन खर्च धान्दैन । यसले गर्दा निरन्तर रूपले परियोजनागत सहयोग प्राप्त नभएको खण्डमा संस्थालाई टिकाइराख्ने विषय सधैँ चुनौतीपूर्ण हुन्छ । अनुसन्धानकर्ताहरूको समूह एउटा अनुसन्धान शुरू हुँदा-नहुँदै अरू अनेकौँ परियोजना प्रस्ताव लेख्ने र बुझाउने काममा अल्झिरहनुपर्ने बाध्यता छ । कतिपय संस्थाहरूले एउटै दातृसंस्थाबाट आठ-दश वर्ष निरन्तर सहयोग पाएका उदाहरण पनि छन् । तर त्यस्तो लामो सहकार्य शुरूमै तय भएको भने होइन । पहिला तीन-चार वर्षको परियोजनामा काम गर्ने सम्झौता भएर उक्त अवधि समाप्त भएपछि

[१०] आईसेट-नेपालले आईडीआरसीबाट प्राप्त गरेको संस्थागत सहयोग र त्यसले आईसेट-नेपालको संस्थागत क्षमता विकासमा पारेको प्रभाव सम्बन्धी स्वमूल्यांकनका लागि दीक्षित (सन् २०१९) हेर्नुहोस् ।

फेरि नयाँ प्रस्ताव पेश गरी सहयोग प्राप्त गरिएका हुन् । यसको मतलब, एउटा परियोजनाको समाप्तिपछि सो दाताको सहयोग जारी रहन्छ कि रहँदैन भन्ने कुनै निश्चित हुँदैन ।

## *वैकल्पिक स्रोत र सीमा*

संस्था सञ्चालनका लागि आन्तरिक स्रोतको परिचालन र व्यवस्थापन अर्को एक विकल्प हो । त्यसमा मुख्यतः आफूले प्रकाशन गरेका उपज (पुस्तक तथा जर्नल) को बिक्री; संस्थाका सदस्यहरूबाट विधान बमोजिम उठाइएको सदस्यता शुल्क; बैंकमा राखिएको रकमबाट प्राप्त ब्याज; तालिम, कार्यशाला तथा सम्मेलन आयोजना गरी उठाएका शुल्क पर्छन् । कुनै पनि संस्था सञ्चालनमा हुने वार्षिक खर्चको तुलनामा यस्ता आन्तरिक स्रोतबाट प्राप्त गर्ने रकमको अनुपात निकै सानो रहेको देखिन्छ । अनुसन्धान क्रममा कुराकानी गरिएका अनुसन्धान-संस्थाका प्रतिनिधिहरूले आन्तरिक स्रोतबाट जुटाउने रकम ती संस्थाका वार्षिक बजेटको बढीमा १ देखि २ प्रतिशतसम्म मात्र रहने गरेको बताए । त्यसैले, आन्तरिक स्रोत जुटाएर संस्था चलाउने उपाय कुनै भरपर्दो विकल्प बनिसकेको छैन । साथै, प्रायः अनुसन्धानमुखी संस्थाहरू गैससका रूपमा दर्ता भएका हुनाले आन्तरिक स्रोत जुटाउन तिनलाई कुनै आयमूलक व्यवसाय वा नाफामुखी कार्य गर्न प्रचलित कानून र आफ्नै विधानले पनि अनुमति दिँदैन । कतिपय अवस्थामा त अझ पुस्तक बिक्री तथा बैंकमा राखिने रकमबाट प्राप्त ब्याजको विकल्प पनि साँघुरो छ, किनभने दातृ सहयोगमा छापिएका पुस्तक बिक्री गर्न नमिल्ने तथा ब्याज प्राप्त गर्ने गरी बचत खातामा राख्न नपाइने, र त्यसरी राखिए पनि प्राप्त ब्याज आफ्नो आम्दानीका रूपमा बचत कोषमा सार्न नमिल्ने शर्त कतिपय परियोजना-सम्झौतामा नै उल्लेख भएका हुन्छन् ।

माथि भनिए झैँ, परियोजनामा आधारित सहयोग बापत प्राप्त रकम तोकिएकै बजेट शीर्षकमा र निर्धारित समयभित्रै सक्नुपर्ने प्रावधान राखिएको हुन्छ । त्यसैले, त्यसबाट बचत गर्ने र परियोजना नहुँदा केही समयलाई संस्था चलाउने गुञ्जायस सामान्यतया हुँदैन । यद्यपि, कतिपय संस्थाहरूले प्रशासनिक खर्च आदि बचाएर एवं कार्यरत जनशक्तिको तलबबाट केही प्रतिशत संस्थामा योगदान गर्ने विधि अपनाएर आफ्नो बचत कोषमा राखेका हुन्छन् । यस्तो बचतबाट कुनै नयाँ परियोजना प्राप्त नहुँदाको अवस्थामा केही समयलाई (धेरैको भनाइ अनुसार ६ महिनादेखि १ वर्षसम्मलाई) कार्यालयको भाडा तथा बिजुलीको बिल तिर्ने र अत्यावश्यक प्रशासनिक कर्मचारीलाई पारिश्रमिक दिएर टिकाउने प्रयास गरेको पाइन्छ । कतिपयले पुराना परियोजना समाप्त भएर नयाँ परियोजना प्राप्त नहुँदाको संक्रमणकालीन समयमा सदस्य/पदाधिकारीहरूबाट चन्दा उठाएर पनि संस्था जीवित राख्ने प्रयास गरेका हुन्छन् । त्यस्तो अवस्थामा नेतृत्वमा हुनेले स्वयंसेवी रूपमा स्रोत जुटाउने पहललाई निरन्तरता दिन्छन् र निश्चित अवधिमा स्रोत जुटाउन नसके संस्था बन्द गर्नुको विकल्प हुँदैन ।

परियोजना अनुदान बाहेक अनुसन्धानमुखी संस्थाहरू परामर्श-सेवा (कन्सल्टिङ सर्भिसेज) बाट पनि आफूलाई टिकाउने प्रयास गरिरहेका हुन्छन् । प्रायः परामर्श-सेवाको अवधि परियोजनामा आधारित सहयोगको तुलनामा अझ छोटो हुन्छ । तर, धेरैजसो अवस्थामा यस्तो सहयोग बापत आउने रकम कसरी खर्च गर्ने भन्ने लचकता हुन्छ । अर्थात्, बजेट शीर्षक अनुसार खर्च विवरण पेश गर्नु नपर्ने हुँदा रकम जोगाउने सुविधा संस्थालाई हुन्छ । त्यसैले, संस्थालाई टिकाउनका लागि पनि यस्ता काम अनुसन्धानमुखी संस्थाहरूले गरेका पाइन्छन् । अन्यथा आफ्नो उद्देश्यमै परामर्श-सेवालाई पनि प्राथमिकतामा राखेका संस्थाहरू बाहेक धेरैजसो अनुसन्धानमुखी संस्थाको चाहना आफ्नै “टीओआर” मा काम गर्ने हुन्छ । त्यसैले, उनीहरू परियोजना सहयोगमा नै जोड दिने वा त्यो मात्र गर्ने गर्दछन् ।

परामर्शदातृ काममा आफ्ना सेवाग्राही (क्लायन्ट) ले सुझाए अनुसार विषयवस्तु, अध्ययन विधि र क्षेत्र चयन गर्नुपर्ने हुँदा पर्याप्त स्वतन्त्रता त हुँदैन नै, कतिपय अवस्थामा आफूले गरेका अनुसन्धान तथा तथ्यांक माथिको बौद्धिक वा प्रतिलिपि अधिकार पनि दाबी गर्न पाइँदैन । कि अनुसन्धानको नतिजा बाहिरै ल्याइँदैन, ल्याइयो नै भने पनि ती दातृ संस्थाकै नाउँ र लोगो सहित प्रकाशन हुन्छन् । त्यसैले, स्वतन्त्र प्राज्ञिक संस्थाका लागि परामर्श-सेवाको विकल्प चयन गर्नु भनेको अन्तरिम समयमा संस्था टिकाउन अपनाइने बाध्यात्मक कदम मात्रै हो । त्यसमाथि पनि परामर्श-सेवाका लागि खुल्ने आवेदनमा गैरनाफामुखी संस्थामात्र होइन, नाफामुखी कम्पनी वा व्यक्तिले पनि भाग लिनसक्ने हुँदा त्यहाँ तीव्र प्रतिस्पर्धा हुने र सस्तोमा काम गरिदिने तथा चिनजान र आपसी सम्बन्धले छनोट प्रक्रियामा प्रभाव पार्ने गर्छ । यदि सरकारी निकायलाई दिइने सेवा हो भने त त्यहाँ भनसुनका साथै कमिशनको समेत खेल हुने गरेको धेरैको भनाइ छ ।

## *आर्थिक बाहेकका अन्य चुनौती*

संस्थाको दिगोपनका लागि आर्थिक अभाव मुख्य कारण भए पनि यही मात्रै निर्णायक कारण भने होइन । यद्यपि, अन्य कारण पनि प्रत्यक्ष-परोक्ष यसैसँग जोडिएर आउँछन् । उदाहरणका लागि, पर्याप्त र दक्ष जनशक्तिको अभाव अनुसन्धानमुखी संस्थाहरूले भोगिरहेको एउटा ठूलो चुनौती हो । अनुसन्धान र लेखन उसै पनि एक प्रकारले विशिष्ट सीप र दक्षता चाहिने काम हो । एक त अनुसन्धानमा प्रशिक्षित जनशक्ति पाउनै मुश्किल हुने र पाए पनि तिनलाई संस्थामा टिकाइरहन नसक्ने समस्या अनुसन्धानमुखी संस्थाहरूले भोग्दैआएका छन् । दक्ष जनशक्तिको उपलब्धता थोरै हुने बित्तिकै उनीहरूको अपेक्षा उच्च हुने गर्दछ । बजारमा माग धेरै हुँदा सीमित र अनियमित आर्थिक स्रोत भएका संस्थाले उनीहरूलाई आकर्षित गर्न वा टिकाउन सक्दैनन् । सिकारुलाई ल्याएर अनुभवी बनाएपछि उनीहरूलाई अर्को संस्थाले अलि धेरै पारिश्रमिक दिएर लगिदिएका कारण आफूहरूले चालु परियोजनालाई

नै निरन्तरता दिन कठिनाइ भोग्नुपरेको कतिपय संस्थाको अनुभव छ । साथै, अनुसन्धान गर्ने जनशक्ति उच्च शिक्षा अध्ययनको सिलसिलामा विदेश जाने र प्रायः उतै बस्ने प्रवृत्तिले पनि जनशक्तिको अभाव अझ बढाएको छ । निरन्तर आर्थिक स्रोतको सुनिश्चितता नहुँदा एकै ठाउँमा काम गरिरहन चाहने जनशक्तिलाई पनि आफ्नो पेसागत सुरक्षाको चिन्ता सधैँभरि भइरहन्छ । त्यसैले, उनीहरूले अनिश्चित वातावरणमा काम गरिरहनुभन्दा पनि आफ्नो पेसागत सुरक्षाको लागि अनुसन्धानमुखी संस्थामा नटिक्ने र वैकल्पिक पेसा रोज्ने गरेको समेत पाइन्छ ।

यसरी, एकतिर आर्थिक स्रोतको अभावले जनशक्ति भित्र्याउन र टिकाउन नसक्नु अनि अर्कोतिर जनशक्तिको अभावले परियोजना खोज्ने र आर्थिक स्रोत जुटाउन नसक्ने चक्रीय समस्या नै प्राज्ञिक गैससको दिगोपनका लागि प्रमुख अवरोध देखिएको छ । करिब अढाई दशकको इतिहास बोकेको एक प्रतिष्ठित अनुसन्धान संस्था नेपाल समसामयिक अध्ययन केन्द्र (एनसीसीएस) यस्तै चुनौतीको सामना गर्न नसकी सन् २०२० मा औपचारिक रूपमै विघटन भयो । यो संस्था सन् १९९० को दशकको मध्यदेखि सञ्चालनमा आएको थियो । फोर्ड फाउण्डेशनको सहयोगमा १० वर्षसम्म अनुसन्धान, अनुसन्धान-प्रशिक्षण, जर्नल, पुस्तक र प्राज्ञिक लेख प्रकाशन, तथा विविध कार्यशालाहरू सञ्चालन गरेको यो संस्था सो दातृ संस्थाको लामो सहयोग सन् २०१० तिर बन्द भएपछि आफ्नो बचत र अन्य केही छोटा परियोजना तथा परामर्श-सेवा मार्फत अर्को आठ वर्ष जति चल्यो । सन् २०१८ देखि आर्थिक स्रोत प्राप्त भएन; थप दुई वर्ष संस्था जसोतसो चलाएपछि कार्यालयको भाडा तिर्ने बोझ समेत थेग्न नसकी संस्था बन्द गर्नुपर्ने भयो । यसका संस्थापक मध्येका एक प्राध्यापक कृष्ण खनालका अनुसार, बन्द हुनुको मुख्य कारण संस्थासँग आर्थिक अभाव हुनु त हो नै, सँगसँगै संस्थालाई हाँकिरहने दोस्रो पुस्ताको सशक्त टीम तयार पार्न नसक्नु पनि अर्को महत्त्वपूर्ण कारण हो ।[११] नेपाल दक्षिण एशिया केन्द्र (नेसाक), चाइना स्टडी सेन्टर (सीएससी), द्वन्द्व अध्ययन केन्द्र, नीति अध्ययन केन्द्र, प्रज्ञा फाउण्डेशन, फ्रेन्ड्स फर पीस, लगायत एक समय अनुसन्धानमा सक्रिय धेरै संस्था पनि पछिल्लो समय निष्कृय देखिन्छन् ।

राज्यको नियन्त्रणकारी मानसिकता र नीतिगत उदासीनता अनुसन्धानमुखी संस्थाको दिगोपनका लागि अर्को मुख्य चुनौती हो । गैरसरकारी वा सामाजिक संस्थाले गर्ने काम भन्ने बित्तिकै समुदायको प्रत्यक्ष सेवा र “जनकल्याण” सँग जोडेर हेर्ने र बुझ्ने राज्यको मानसिकता, र त्यसैको एकोहोरो रटानले गर्दा प्राज्ञिक गैससले गर्ने ज्ञान उत्पादन सम्बन्धी कार्यले राज्य र सामाजिक स्तरमा उचित मान्यता पाउन सकेको छैन । ज्ञान उत्पादनका केन्द्र भनेका केवल शैक्षिक संस्था/विश्वविद्यालय वा राज्यको लगानीमा खोलिएका अनुसन्धान वा नीतिगत सुझाव प्रदान गर्ने “थिंकट्यांक” मात्र हुन् भनी ठान्ने प्रवृत्तिका कारण ऐन वा

[११] खनालसँग अप्रिल २१, २०२२ मा टेलिफोन मार्फत गरिएको कुराकानी ।

नीति-नियमले स्वतन्त्र प्राज्ञिक संस्थालाई अलग गरेर हेर्दैन । र, सबै खाले संस्थाहरूलाई सोलोडोलो एउटै प्रकृतिभित्र राखी दर्ता, नवीकरण तथा नियमनको प्रावधान लागु गरिएको छ । यसका केही उदाहरण दिन सकिन्छ : पहिलो, अनुसन्धान गर्ने उद्देश्यले खुलेका संस्थाले कार्यान्वयन गर्ने परियोजनामा “हार्डवेयर” (भौतिक निर्माण तथा वस्तु वितरण) र “सफ्टवेयर” (अध्ययन/अनुसन्धान तथा जनचेतना, तालिम वा पैरवी) को सन्तुलन खोजिनु भनेको प्राज्ञिक संस्थाको अलग अस्तित्वलाई अस्वीकार गर्नु हो । तर, यसैमा सरकारी नियामक निकायहरूले जोड दिने गरेका छन् । समाजकल्याण परिषद्को निर्देशिकामा गरिएको ६० प्रतिशत हार्डवेयर र ४० प्रतिशत सफ्टवेयरको प्रावधान पछिल्लो समयमा हटाइएको भए पनि आफ्नो संस्था “सफ्टवेयर” प्रकृतिको कार्य गर्ने हो भनी सम्बन्धित संस्थाको विधानमै प्रस्ट उल्लेख भए पनि त्यसलाई स्वीकार गरिँदैन । कुनै अमुक सरकारी निकाय/मन्त्रालयले सिफारिस गरिदिनुपर्ने अव्यावहारिक व्यवस्था अझै छ ।

दोस्रो, प्राज्ञिक संस्थाहरूको काम कुनै न कुनै हिसाबले देशका विभिन्न स्थानसँग सम्बन्धित हुन पुग्छ । तथ्यांक संकलन गर्ने सन्दर्भमा होस् वा आफ्नो अनुसन्धानको नतिजा सार्वजनिक गर्ने सन्दर्भमा, विभिन्न साना-ठूला कार्यक्रम विभिन्न भागमा आयोजना गर्नुपर्ने हुन्छ । तर त्यतिकै आधारमा त्यहाँका स्थानीय तहको सिफारिस र प्रशासन कार्यालयको अनुमति लिनुपर्ने जस्ता अनुसन्धान कार्यमाथि नै अंकुश वा हस्तक्षेप हुने खालका प्रावधान लागु गरिएको हुन्छ । समाज कल्याण परिषद्बाट लिनुपर्ने स्वीकृतिका लागि वा संस्थाको दर्ता नवीकरणका लागि ती कागजपत्र जुटाउन बाध्य पारिन्छ । दर्जनौँ जिल्ला/तहहरूमा गएर गरिनुपर्ने त्यस्ता छलफल वा तथ्यांक संकलन जस्ता क्रियाकलापका लागि सिफारिस वा पूर्व सहमति जुटाउनुपर्ने प्रावधान प्राज्ञिक संस्थाका लागि पटक्कै व्यावहारिक छैन (हुमागाईं २०७३, २०७७) ।

यो भनेको कुनै राजनीतिक दलले देशका कुनै भागमा गएर आमसभा आयोजना गरिएजस्तो वा कुनै मिडिया संस्थाले कुनै विषयवस्तुको रिपोर्टिङका लागि तथ्यांक/समाचार संकलन गरेजस्तै हो । तर, ती दुई प्रकृतिका संस्थाले त्यसका लागि पूर्वस्वीकृति वा सिफारिस लिनु पर्दैन र यदि लिनुपर्ने अवस्था सिर्जना गरियो भने त्यो मौलिक हक र समग्र लोकतन्त्र माथिकै हस्तक्षेप भएको मानिन्छ । प्राज्ञिक संस्थालाई आफूले काम गर्ने सामाजिक वा वैज्ञानिक खोज/अनुसन्धान गर्नै पनि अनेकौँ तहको सिफारिस र स्वीकृति लिनुपर्ने प्रावधान किन राखिन्छ, चित्तबुझ्दो उत्तर कसैसँग छैन । आखिर जसरी मिडिया वा राजनीतिक दलहरू लोकतान्त्रिक संविधानद्वारा सुनिश्चित मौलिक हकको प्रयोग गरी स्थापना र सञ्चालन हुँदैआएका छन्, गैरसरकारी संस्थाहरूको पनि संवैधानिक आधार त्योभन्दा तात्त्विक रूपले फरक छैन । त्यति मात्र होइन लोकतान्त्रिक व्यवस्थामा जसरी राजनीतिक दल वा मिडिया नेपाली नागरिकको समग्र मौलिक अधिकारका लागि काम

गर्दैआएका हुन्छन्, सामाजिक संस्थाको मूल उद्देश्य पनि आखिर त्यही हो (वन्त र भण्डारी सन् २०१७ बी) । तर, राज्यको दृष्टिकोण र व्यवहार भने गैरसरकारी संघ-संस्थाप्रति बढी नै पूर्वाग्रही देखिन्छ । त्यो घानमा अन्य गैसस जस्तै प्राज्ञिक गैसस पनि पर्दैआएका छन् ।

प्राज्ञिक संस्थाका गतिविधिमाथि राज्यको हस्तक्षेप र नियन्त्रणको मनसाय बाहेक माथि उल्लिखित प्रावधानको अरू उद्देश्य देखिँदैन । कुनै निर्माण कार्य गर्ने उद्देश्य अन्तर्गतका क्रियाकलापका लागि जस्तो स्थानीय तहको सिफारिस वा नक्सा पासको स्वीकृति, प्रविधि वा उपकरणको प्रयोगले ल्याउने वातावरणीय जोखिम देखिने अवस्थामा सम्बन्धित संस्थाबाट लिनुपर्ने स्वीकृतिको विषय पनि यो होइन । त्यसैले, त्यस्ता प्रकृतिका भौतिक निर्माण गर्ने उद्देश्य लिएका संस्थाकै कोटीमा राखेर प्राज्ञिक संस्थाहरूको नियमन गर्ने खालका कानूनी प्रावधानले बौद्धिक वा ज्ञान निर्माण जस्तो विषयमा पनि राज्यका निकायको अनावश्यक चासो र हस्तक्षेपका लागि बाटो खोलिदिएको छ । र, कतिपय अवस्थामा त्यस्ता हस्तक्षेप भएका पनि देखिन्छन् । उदाहरणका लागि, विश्वव्यापी प्रतिस्पर्धाबाट अब्बल ठहरेर फुटुङ रिसर्च इन्स्टिट्च्यूटले प्राप्त गरेको ३० लाख रुपियाँभन्दा बढीको वैदेशिक सहयोगको एक वर्षे परियोजनालाई पनि नियमनकारी निकाय समाज कल्याण परिषद्ले परियोजनाको निर्धारित अवधि शुरू भइसकेको लामो समय (४–५ महिना) सम्म स्वीकृति प्रदान नगरेका कारण परियोजना कार्यान्वयनमा ठूलो अन्योल देखापरेको थियो ।[१२] अनुसन्धानमुखी संस्थाका गतिविधिमाथि राज्यले हस्तक्षेप गरेका यस्ता उदाहरण अरू पनि छन्, जसले नेपालमा अनुसन्धानमुखी संस्थालाई प्रवर्द्धन गर्ने वातावरणको नितान्त अभाव रहेको पुष्टि गर्छ । यसले हाल विद्यमान संस्थाहरूको दिगोपनलाई प्रभाव त पार्छ नै, नयाँ संस्थाहरू स्थापनाको बाटो पनि छेक्छ ।

## निष्कर्ष

नेपालमा स्वतन्त्र अनुसन्धानमुखी संस्थाहरूको इतिहास सात दशकभन्दा लामो भए पनि अन्य सामाजिक संस्थाहरूको तुलनामा यिनको संख्या सानो छ । त्यसमाथि पनि कम्तिमा एक दशकभन्दा लामो समय निरन्तर सञ्चालित र निश्चित गुणस्तर सहित आफ्ना अनुसन्धानका उपजलाई सार्वजनिक वृत्तमा ल्याई विश्वसनीयता हासिल गरेका संस्थाहरूको संख्या झनै सानो छ । तैपनि, ज्ञान उत्पादनको क्षेत्रमा यिनले जे-जति योगदान गरेका छन् सो राज्य-लगानीबाट सञ्चालित प्राज्ञिक केन्द्र र प्रतिष्ठानहरूको तुलनामा उत्साहप्रद छ । तर, आर्थिक अवस्था र दिगोपनका हिसाबले यिनको अवस्था सुध्रन सकेको छैन ।

[१२] सो इन्स्टिट्च्यूटका कार्यकारी निर्देशक असिम ढकालसँग अप्रिल २२, २०२२ र अप्रिल २, २०२३ मा गरिएको कुराकानी । यस्तै प्रसंगका लागि श्रेष्ठ (२०७९) र हुमागाईं (२०७३ र २०७७) पनि हेर्नुहोस् ।

कामका हिसाबले प्राज्ञिक संस्थाहरूमा विविधता रहे पनि टिक्ने आधार भने सबैको एउटै छ र त्यो सधैँ अनिश्चित छ ।

अनुसन्धानमुखी संस्था टिक्ने मुख्य आधार देखिएको वैदेशिक सहायताका आफ्नै सीमा छन् । तिनको विषयगत र क्षेत्रगत प्राथमिकता हुन्छ, अनि निश्चित समयसीमा हुन्छ । विश्वभर देखा पर्ने संकट र मन्दीको प्रभाव त्यहाँ पनि परिरहेको हुन्छ, जसले गर्दा त्यस्ता स्रोतमा निर्भर रहनुपर्ने प्राज्ञिक संस्थाको निरन्तरता सधैँ चुनौतीपूर्ण छ । त्यसमाथि, राज्यको अनुसन्धान प्रतिको अरुचि र संघ-संस्था प्रतिको नियन्त्रणमुखी मानसिकताले स्वतन्त्र प्राज्ञिक संस्थाहरूको विस्तार र विकासलाई अवरोध गरेको छ ।

स्वतन्त्र प्राज्ञिक संस्थाहरूलाई फस्टाउन दिने हो भने लोकतान्त्रिक प्रणाली अपनाएको राज्यले नियन्त्रणमुखी मानसिकताको पुरानो धङधङीबाट बाहिर निस्केर लोकतान्त्रिक चरित्र देखाउनु अपरिहार्य छ । त्यसका लागि उदार किसिमको नीतिगत र कानूनी व्यवस्था गर्नुपर्छ । साथसाथै, केवल वैदेशिक सहायतामा भर पर्नुपर्ने स्थितिको अन्त्यका लागि दरिलो आर्थिक टेको प्रदान गर्नु पनि उत्तिकै आवश्यक छ । खासै उपलब्धि देखाउन र आफ्नो औचित्य पुष्टि गर्न नसकेका सरकारी प्राज्ञिक संस्थाहरूलाई बर्सेनि करोडौँ बजेट छुट्ट्याउने राज्यले उल्लेख्य अनुसन्धान र प्रकाशन सहित उत्कृष्ट कार्य-क्षमता देखाइरहेका स्वतन्त्र प्राज्ञिक गैससलाई भने उपेक्षा गर्नु विडम्बनापूर्ण हो । नेपाली राज्यले अहिलेसम्म पनि राष्ट्रिय अनुसन्धान नीति तथा स्वतन्त्र प्राज्ञिक संस्थालाई सहजीकरण गर्ने र आर्थिक भरथेग गर्ने उद्देश्यले कुनै विधि र संरचना बनाएको छैन । विश्वभर धेरै देशमा विभिन्न किसिमका अनुसन्धान परिषद्का नाउँमा त्यस्ता संरचना खडा गरिएको पाइन्छ, जसले सामाजिक अनुसन्धानका लागि समन्वय र सहजीकरणका साथ-साथै आर्थिक सहायता पनि जुटाइदिन्छ । हामीकहाँ पनि त्यस्तै संस्थागत संरचनाको व्यवस्था गरेर सरकारी कोषबाट तथा निजी क्षेत्रबाट अनुसन्धान संस्थालाई आर्थिक सहयोग र क्षमता अभिवृद्धिका अवसरहरू उपलब्ध गराउन सकिन्छ । यसका लागि दशकौँदेखि आवाज उठिरहेको भए पनि त्यस्तो संयन्त्र वा संरचना बनाउने सम्बन्धमा नेपाली राज्य अहिलेसम्म उदासीन देखिएको छ ।[१३]

## धन्यवाद

यो लेख तयार पार्ने क्रममा समय दिएर मलाई आफ्ना विचार र अनुभवबारे जानकारी दिनुहुने विभिन्न संस्थामा आबद्ध व्यक्तित्वहरू, जसको नाम मैले यो लेखको शुरूतिरै उल्लेख गरेको छु, प्रति आभार व्यक्त गर्दछु । लेखका विभिन्न मस्यौदा पढेर आफ्ना टिप्पणी

[१३] नेपालमा अनुसन्धान परिषद्को स्थापनाका सन्दर्भमा भएका बहस र केही नीतिगत सुझाव तथा पहलकदमीका लागि पराजुली र अरू (२०७३), शर्मा (२०७७), समाज विज्ञान अनुसन्धान तदर्थ परिषद् (सन् २०१४) हेर्नुहोस् ।

र सुझाव दिनुहुने प्रत्यूष वन्त, शेखर पराजुली, हर्षमान महर्जन, देवेन्द्र उप्रेती, रुख गुरुङ तथा यो लेख सम्पादन गरिदिनुहुने लोकरञ्जन पराजुलीलाई धन्यवाद छ ।

## सन्दर्भ सामग्री

कैनी, सुदिप । २०७९ । थचक्क भए त्रिविका अनुसन्धान केन्द्र । *कान्तिपुर*, फागुन ३०, पृ. १ ।

देवकोटा, कमल । २०७८ । रिसर्च सेन्टर किन यस्ता भए सरकारलाई सोध्नुपर्छ । *अनलाइनखबर*, चैत १४ । www.onlinekhabar.com/2022/03/1100496 मा उपलब्ध; वैशाख २०, २०७८ मा हेरिएको ।

पन्थी, अर्जुन । २०७७ । नेपाल सांस्कृतिक संघ : लोकतन्त्रमा हुर्किएको स्थानीय चौतारी । *लोकतन्त्रमा नागरिक समाज : २५ वर्षको समीक्षा ।* हर्षमान महर्जन, देवराज हुमागाईं, प्रत्यूष वन्त, लोकरञ्जन पराजुली र देवेन्द्र उप्रेती, सं., पृ. ३–४१ । काठमाडौँ : मार्टिन चौतारी ।

पराजुली, लोकरञ्जन, देवराज हुमागाईं, प्रत्यूष वन्त र देवेन्द्र उप्रेती । २०७३ । कस्तो बन्नुपर्छ समाज विज्ञान अनुसन्धान परिषद् ? *शिक्षक*, असार, पृ. ४२–४५ ।

पराजुली, लोकरञ्जन, हर्षमान महर्जन, देवराज हुमागाईं र प्रत्यूष वन्त । २०७७ । नागरिक समाज : अवधारणा र नेपाली अभ्यास । *लोकतन्त्रमा नागरिक समाज : २५ वर्षको समीक्षा ।* हर्षमान महर्जन, देवराज हुमागाईं, प्रत्यूष वन्त, लोकरञ्जन पराजुली र देवेन्द्र उप्रेती, सं., पृ. ३–४१ । काठमाडौँ : मार्टिन चौतारी ।

मल्ल, कमलप्रकाश । २०७७[२०२७] । नेपाली समाजमा बुद्धिजीवी । *समाज अध्ययन* ११ : १३१–१६० ।

महर्जन, हर्षमान, देवराज हुमागाईं, प्रत्यूष वन्त, लोकरञ्जन पराजुली र देवेन्द्र उप्रेती, सं. । २०७७ । *लोकतन्त्रमा नागरिक समाज : २५ वर्षको समीक्षा* । काठमाडौँ : मार्टिन चौतारी ।

मार्टिन चौतारी । २०७४ । *निर्देशित लोकतन्त्रतर्फ अर्को पाइला : प्रस्तावित समाज कल्याण तथा विकास ऐन, २०७३* । शोध-संक्षेप, अंक २० । काठमाडौँ : मार्टिन चौतारी ।

राई, नुनुता । २०७८ । दलीयकरणको मारमा त्रिविका अनुसन्धान केन्द्र । *अनलाइनखबर*, चैत १४ । www.onlinekhabar.com/2022/03/1100489 मा उपलब्ध; वैशाख २०, २०७८ मा हेरिएको ।

वन्त, प्रत्यूष । २०६२ । समाज विज्ञानमा नयाँ पुस्ता : प्राज्ञिक गैरसरकारी संस्थाको भूमिका । *रूपान्तरण : समाज अध्ययन* २ : १–१७ ।

शर्मा, पीताम्बर। २०७७। माइकल हटले 'मुनामदन' अनुवाद गर्नुमा के भूराजनीतिक चासो छ ? इ-*कागज*, मंसिर ३० । https://ekagaj.com/article/thirty-thirty/2588 मा उपलब्ध; जेठ २९, २०७८ मा हेरिएको ।

शर्मा, सुरेशराज । २०७८ । सरकारको प्राथमिकतामै परेनन् अनुसन्धान केन्द्र । *अनलाइन खबर*, चैत १४ । www.onlinekhabar.com/2022/03/1100494 मा उपलब्ध; वैशाख २०, २०७८ मा हेरिएको ।

श्रेष्ठ, उत्तमबाबु । २०७९ । अनुसन्धानमुखी गैससको दिगोपन । *कान्तिपुर*, वैशाख २२, पृ. ६ ।

समाज विज्ञान अनुसन्धान तदर्थ परिषद् । सन् २०१४ । *प्रस्तावित समाज विज्ञान अनुसन्धान परिषद् नेपालको रणनीतिक योजना ।* काठमाडौँ : समाज विज्ञान अनुसन्धान तदर्थ परिषद् ।

सिजापती, विनोद । २०७६ । सरकारी वैचारिक प्रतिष्ठान : एप्रोक्सको स्थापना, विकास र अवसान । *समाज अध्ययन* १४ : १६७–१८० ।

हुमागाईं, देवराज । २०७३ । अनुसन्धान नरुचाउने राज्य । *सेतोपाटी*, चैत २२ । www.martinchautari.org.np/blogs/anusandhan-naruchaune-rajya मा उपलब्ध; चैत ७, २०७९ मा हेरिएको ।

हुमागाईं, देवराज । २०७७ । सामाजिक संघ-संस्था सम्बन्धी कानूनी व्यवस्था : लोकतान्त्रिक युगमा नियन्त्रण अभ्यासको पुनरावृत्ति । *लोकतन्त्रमा नागरिक समाज : २५ वर्षको समीक्षा* । हर्षमान महर्जन, देवराज हुमागाईं, प्रत्यूष वन्त, लोकरञ्जन पराजुली र देवेन्द्र उप्रेती, सं., पृ. ४३–७५ । काठमाडौँ : मार्टिन चौतारी ।

Bhandari, Medani. 2014. Civil Society and Non-governmental Organizations (NGOs) Movements in Nepal in Terms of Social Transformation. *The Pacific Journal of Science and Technology* 15(1): 177–189.

Bhatta, Chandra D. 2016. The Interface between the State and Civil Society in Nepal. *Dhaulagiri Journal of Sociology and Anthropology* 10: 63–91.

Bhattachan, Krishna B., Dev Raj Dahal, Sheetal Rana, Jyoti Gyawali, Min Bahadur Basnet, Kashi Ram Bhusal and Ram Raj Pokharel, eds. 2001. *NGO, Civil Society and Government in Nepal: Critical Examination of Their Roles and Responsibilities*. Kathmandu:

Central Department of Sociology and Anthropology (CDSA), Tribhuvan University (TU) and Frederich Ebert Stiftung (FES).

Dixit, Ajaya. 2019. Institute for Social and Environmental Transition-Nepal. In *Strengthening Policy Research : Role of Think-Tank Initiative in South Asia*. Sukhodeo Thorat, Ajaya Dixit and Samar Verma, eds., pp. 79–93. New Delhi: Sage Publications.

Hachhethu, Krishna. 2002a. Social Sciences Research in Nepal. *Economic and Political Weekly* 37(35): 3631–3643.

Hachhethu, Krishna. 2002b. Social Sciences in Nepal. *Contributions to Nepalese Studies* 29(1)*:* 49–95.

Onta, Pratyoush. 1996. Ambivalence Denied: The Making of *Rastriya Itihas* in Panchayat Era Textbooks. *Contributions to Nepalese Studies* 23(1): 213–254.

Onta, Pratyoush. 2003. The Institutional Future of Academic History in Nepal. *Studies in Nepali History and Society* 8(1): 125–156.

Onta, Pratyoush. 2011. Locating Academic NGOs in the Knowledge Production Landscape. *Dhaulagiri Journal of Sociology and Anthropology* 5: 49–80.

Onta, Pratyoush. 2012. Funding for Knowledge. *The Kathmandu Post,* November 19, p. 6.

Onta, Pratyoush. Forthcoming. Nepal Sanskritik Parishad and the Circulation of Research in Immediate Post-Rana Nepal. To be published in an edited volume.

Onta, Pratyoush and Avash Bhandari. 2017a. Why Nepali NGOs have to Rely on Foreign Funds? *Setopati*, March 1. Available at www.martinchautari.org.np/index.php/71-chautarian-speak/697-why-nepali-ngos-have-to-rely-on-foreign-funds-by-pratyoush-onta-and-avash-bhandari; accessed June 2, 2021.

Onta, Pratyoush and Avash Bhandari. 2017b. CSOs in a Loktantrik Nepal. *The Kathmandu Post*, February 10. Available at https://kathmandupost.com/opinion/2017/02/10/csos-in-a-loktantrik-nepal; accessed March 22, 2023.

Pandey, Devendra Raj. 1998. NGO Movement in Nepal: An Analysis of Legal and Institutional Framework. International Center for Not-for-Profit Law (ICNL). Available at https://mk0rofifiqa2w3u89nud.kinstacdn.com/wp-content/uploads/Nepal_framework.pdf; accessed April 4, 2020.

Parajuli, Lokranjan. 2012. From Controlling Access to Crafting Minds: Experiments in Education in Late Rana Nepal. *Studies in Nepali History and Society* 17(2): 297–331.

Parajuli, Lokranjan. 2019. Where Interests Collided: Examining the Conflictual Relationship between the Nepali State and Its Citizens through the History of Public Libraries. *South Asia: Journal of South Asian Studies* 42(5): 954–970.

Rademacher, Anne and Deepak Tamang. 1993. *Democracy, Development and NGOs*. Kathmandu: Search.

Raj Yogesh and Pratyoush Onta. 2014. *The State of History Education and Research in Nepal*. Kathmandu: Martin Chautari.

Subedi, Bhim Prasad. 2014. *The State of Geography Teaching and Research in Nepal*: *A Review and Reflection*. Kathmandu: Martin Chautari.

Subedi, Madhusudan and Devendra Uprety. 2014. *The State of Sociology and Anthropology: Teaching and Research in Nepal*. Kathmandu: Martin Chautari.

Tamang, Seira. 2002. Civilizing Civil Society: Donors and Democratic Space. *Studies in Nepali History and Society* 7(2): 309–353.

## लेखक परिचय

**देवराज हुमागाईं** मार्टिन चौतारीमा आबद्ध अनुसन्धाता हुन् । नेपाली मिडियाका विविध पक्षमाथि लामो समयदेखि अनुसन्धान गर्दैआएका उनी प्राज्ञिक अनुसन्धानको पूर्वाधार र सामाजिक संघ-संगठन सम्बन्धी नीतिगत पक्ष बारेको अध्ययनमा पनि रुचि राख्छन् । उनी *समाज अध्ययन* जर्नलका सम्पादक हुन् । ईमेल : devrajhumagain@gmail.com